भैरव अर्यालका हास्यव्यङ्ग्य

भैरव अर्याल

Digitized By:

साझा शिक्षा ई-पाटी
OLE NEPAL

www.pustakalaya.org

www.olenepal.org

भैरव अर्यालका हास्यव्यङ्ग्य

(निवन्ध सङ्ग्रह)

OPEN LEARNING EXCHANGE (OLE) NEPAL

भैरव अर्याल

श्री भैरव पुरस्कार गुठी
२०६०

प्रकाशक : भैरव पुरस्कार गुठी
जोरपाटी, काठमाडौं
संस्करण : पहिलो, २०६० (२००० प्रति)
दोस्रो, २०६५ (२००० प्रति)
आवरणकला : टेकवीर मुखिया
विशेष गाता : रू. ५००।–
सामान्य गाता : रू. ३००।–
मुद्रक : सामुदायिक प्रिन्टर्स प्रा.लि.
थापाथली, काठमाडौं
फोन : ४२५३४९९
ISBN : 99933-848-0-1

प्रकाशकीय

भैरव अर्यालको उर्वर कल्पनाशीलताको खुराक पाएपछि सानो गोरेटोमा सुस्तरी हिँडिरहेको नेपाली हास्यव्यङ्ग्यशैली परिष्कृति र समृद्धिको फराकिलो राजपथ बनाउँदै कस्तरी दगुर्न लाग्यो भने हास्यव्यङ्ग्य र भैरव अर्याल एकअर्काका पर्यायवाची नै हुन पुगे ।

भैरवीय चमत्कृतिको पोषणमा हुर्किएर लहलहाउँदै नेपाली हास्यव्यङ्ग्य मौलाउन थाल्यो । अर्यालको अद्‌भुत सीप देखेर उनका अग्रज हास्यव्यङ्ग्य स्रष्टाहरू चमत्कृत भए भने समकालीनहरू मन्त्रमुग्ध हुँदै भैरवीय व्यङ्ग्य-वाणमा रमाउन लागे । भैरवबाट प्रेरित भएर थुप्रै प्रतिभा हास्यव्यङ्ग्यमा लागेर फुले र फक्रिए । तर यथार्थ के हो भने भैरव अर्यालको निधन भएको यत्तिका वर्षपछि पनि उनलाई उछिन्ने अर्को प्रतिभा नेपाली हास्यव्यङ्ग्य क्षेत्रमा देखा पर्न सकेको छैन । अर्याल यस्ता बेजोड प्रतिभा थिए भनेर प्रसिद्ध समालोचक, साहित्यकारहरूले स्वीकारेका छन् अत: हास्यव्यङ्ग्यका शाश्वत शिल्पीका रूपमा अर्यालको ठाउँ सुरक्षित रहने कुरामा कुनै शङ्का छैन ।

भैरव अर्यालको पहिलो हास्यव्यङ्ग्यसङ्ग्रह **काउकुती** वासुदेव शर्मा लुइँटेलले २०१९ सालमा प्रकाशित गरेका हुन् । **काउकुतीले** लुइँटेललाई कस्तरी कुतकुत्यायो भने हास्यव्यङ्ग्यका पुस्तक छाप्न उनले कौवा प्रकाशन नै खोले । भैरवका **काउकुती, गलबन्दी, इतिश्री** र **दश औतार** कौवा प्रकाशनबाट प्रकाशित भएका हुन् । **जय भुँडी**चाहिँ रत्न पुस्तक भण्डारले २०२२ सालमा निकालेको हो ।

यता केही वर्षदेखि कौवा प्रकाशन सुस्ताएको हुँदा भैरव अर्यालको पुस्तकका नयाँ संस्करण निस्कन सकेका थिएनन् । ठूलो चाहना भएर पनि साहित्यरसिक पाठकहरू भैरवका पुस्तक पढ्न पाउँदैनथे । बजारमा अप्राप्य थिए ती पुस्तक । यत्तिकैमा कौवा प्रकाशनद्वारा प्रकाशित भैरव अर्यालका सबै पुस्तकको प्रकाशनाधिकार भैरव पुरस्कार गुठीलाई प्राप्त भयो । गुठीले अवसरको सदुपयोग गर्दै अर्यालका सबै हास्यव्यङ्ग्य पुस्तकलाई समेटेर एउटै गातामा

प्रकाशित गर्ने निधो गऱ्यो । फलस्वरूप **भैरव अर्यालका हास्यव्यङ्ग्य** नामक यो ग्रन्थ यस रूपमा पाठकसमक्ष प्रस्तुत भएको छ ।

यहाँ भित्र्याइएका पुस्तकहरू पहिलो पटक जुनजुन थितिमितिमा प्रकाशित भएका थिए, त्यसै क्रमानुसार राखिएका छन् । ती पुस्तकमा रहेका लेखक, प्रकाशक र भूमिका लेखकहरूका मन्तव्य पनि यथावत् समावेश गरिएका छन् । यसबाट ती पुस्तकका प्रकाशनको ऐतिहासिक महत्ता सुरक्षित रहने विश्वास हाम्रो छ ।

विभिन्न पत्रपत्रिकामा छरिएका भैरव अर्यालका गद्यात्मक रचनाहरूको सङ्कलन **टेढो ऐना** प्रकाशनको क्रममा छ । यत्रतत्र छरिएर हराइरहेका अर्यालका अन्य रचनाहरूलाई पनि सङ्कलित गरी प्रकाशनमा ल्याउन भैरव पुरस्कार गुठी निरन्तर प्रयत्नशील रहनेछ । आफ्नो प्रकाशनका पुस्तक छाप्न प्रकाशनाधिकार दिएर कौवा प्रकाशनका सञ्चालक एवं विख्यात हास्यव्यङ्ग्यसेवी वासुदेव शर्मा लुइँटेलले लगाएको गुननिम्ति जति आभार व्यक्त गरे पनि पुग्दैन । प्रस्तुत ग्रन्थलाई यस रूपमा ल्याउन विविध सहयोग गर्ने प्रमोद स्टेसनर्स, चाबेलका देवेन्द्र भण्डारी, सामुदायिक प्रिन्टर्सका दीपक भण्डारी, टेकवीर मुखिया, चिमकाजी श्रेष्ठहरूप्रति भैरव पुरस्कार गुठी हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

२२ माघ २०६०

निमित्त
भैरव पुरस्कार गुठी
जोरपाटी, काठमाडौं

- "बच्च-घर" । फोन २१-०७५

कौवा प्रकाशन
२०२३

अधिकारी विद्यादेव शर्मा

" विद्या - वास "
३/४८५ श्रीमार्ग, पुलचोक
ललितपुर ७२३००० (नेपाल)

मिति २५।०२।२०५८

श्री अध्यक्ष, भैरव पुरस्कार गुठी
जोरपाटी, काठमाडौं

महोदय,

नेपाली हास्यव्यंग्य फाँटलाई धनी तुल्याउने भैरव अर्यालको सम्झनामा खुलेको भैरव पुरस्कार गुठीलाई भरपेग गर्नु आफ्नो पनि कर्तव्य ठानेर मैले कौवा प्रकाशन र आफ्नो व्यक्तिगत खरबाट समेत यस अघि पटक-पटक गरी रु ४०,४४६।४४ सहयोग गरेको हुँ। आज थप रकम रु ४०००/- फेरि पनि भैरव पुरस्कार गुठीलाई सुम्पिएको छु। यसरी संस्था र आफ्नो व्यक्तिगत खरबाट समेत अब जम्मा रु ४४४४४।४४ सहयोग गुठीको जानकारी गराउँदछु। गुठीलाई बारम्बार सहयोग गर्ने चाहना भएर पनि आफ्नो सामर्थ्यले नभ्याउने हुँदा भविष्यमा यस्तो सहयोग जारी राख्न नसक्ने कुरा पनि अवगत गराउँदछु।

कौवा प्रकाशनले छापेका भैरव अर्यालका 'काउकुती', 'गलबन्दी' 'इतिश्री' र 'दश औतार' नामक पुस्तकहरू आइन्दा भैरव पुरस्कार गुठीले नै प्रकाशित गर्नु उचित हुने ठानी ती पुस्तकहरू प्रकाशित गर्ने भैरव पुरस्कार गुठीलाई प्रकाशन अधिकार दिएको छु। हाल कौवा प्रकाशन निष्क्रिय रहेको र कुनै व्यक्तिले भन्दा संस्थाले नै भैरव अर्यालका यी कृति छाप्नु मनासीब हुने ठानी भैरव पुरस्कार गुठीलाई यो काम सुम्पेको हुँ।

अन्तमा - भैरव अर्यालको नाम र नेपाली हास्य-व्यंग्यलाई चहकिलो पार्ने भैरव पुरस्कार गुठीले उत्तरोत्तर सफलता पाओस् भनी हार्दिक शुभ कामना व्यक्त गर्दछु। धन्यवाद!

भवदीय
वासुदेव शर्मा
नि. कौवा प्रकाशन

निबन्ध-क्रम

काउकुती
चरीचुच्चे 'च'/५
हाँसोको जात-थर/८
नयाँ भाखा र नयाँ कवित्त/१३
टी-पार्टी/१७
नाम फेर्ने धुनमा/२३
लबस्तराको ओखती/२८
बाबूसाहेबको लभ/३४
अन्तर्राष्ट्रिय भ्यागुता-सम्मेलन/४१
मिस्टर एन. मुनि नेपालमा/४७
जय भोलि !/५२
कन्याकेटी खोज्दा/५६
जय भुँडी
मपाईं/६५
चन्द्रलोक कसको/७०
लाहुरेको यात्रासंस्मरण/७४
नेता नम्बर एक सय एक/८०
महापुरुषको सङ्गत/८४
जय भुँडी/९२
ब्रह्माको प्रयोगशालाबाट/९७
पल्नोस्/१०२
पशु– पशुपति र मान्छे/१०६
अमरावती कान्तिपुरी नगरी/११०
गलबन्दी
'उडाउनु' सित एकछिन उड्दा/१२७
चरोट : केही झिलिमिली संस्मरण/१३१

टाउको/१३८
गलबन्दी/१४४
आलु/१५१
मान्छे मोडेल १९६७/१५६
पच्चीसौं शताब्दी अङ्गप्रत्यङ्गमा/१६२
ए ज्या भुसुक्कै !!!/१३८
साँढे/१७४
सातसूत्रीय साहित्यदर्पण/१७७

इतिश्री

केही राष्ट्रिय रोग : एक अनुसन्धान/१९८
भान्सा भो हजुर ?/२०३
साथी, साथी र साथी/२०९
विकृति प्रतियोगिताको आयोजक समिति/२१४
उन्नतिको शिखरतिर/२१८
कवि चम्रेलजी : एक शब्दचित्र/२२२
'हराम पाँडे हजुर'/२२९
आधा घण्टा/२३४
सम्भावित दुनियाँ (?)/२३९
कन्जुस/२४३
असनको डबली/२४७
आस्थाको फाइल/२५०

दस औंतार

व्यङ्ग्यबाजेलाई एउटा खुला पत्र/२५७
लेखनाथज्यूको भोजनभट्ट/२६३
व्यङ्ग्यविनोदी देवकोटा : केही झल्याकझुलुक/२७०
तिवारी गुरु र भान्छेबाजे/२८३
व्यङ्ग्यकार रिमाल् : एक दृष्टि/२८८
खरदारबाजे र इतिहासको ठेली/२९२
सम्पादक प्रेमराज शर्मा/३००
शङ्कर दाइ र फ्रैङ्क क्यापरा/३०५
भैरव अर्याल (मरिनसकेकोले बाँकी)/३१०
भिन्नाजु भूतको (मर्ने आँटै नगरेकोले बाँकी)/३११

काउकुती

फेरि एक पटक

पुस्तकाकारमा 'काउकुती' को यो तेस्रो संस्करण, तर यसभित्रका टुक्राटाक्रीको चाहिँ चौथो । छ-सात वर्षको काउकुतीको जीवनकालभित्र कति सोचाइहरू थोत्रिइसकेका छन्, कति घोचाइहरू धोत्रिइसकेका छन् । तर प्रकाशकको दाबी छ– तैपनि 'काउकुती' काउकुती नै छ ।

त्यसैले ठिटचौलीको यो ठटचौली, खस्रो कुरा गर्ने एउटा रहर अथवा भनूँ केही-न-केहीको यो केही थुप्रो फेरि लाज नमानीकन जस्ताको तस्तै प्रस्तुत छ, फेरि एक पटक काउकुती लागिहाल्छ कि ?

१५ असार २०२५
काठमाडौं

– **भैरव अर्याल**

(तेस्रो संस्करणबाट)

विभिन्न ढङ्गमा 'काउकुती' सबैतिर लाग्यो, मलाई पनि कुतकुत्यायो, त्यसैले 'कौवा-प्रकाशन' जन्मियो । त्यसको तेस्रो संस्करण यसै प्रकाशनबाट छापिन पायो । दुई-दुई वर्षमा एक-एक संस्करण सकिने सौभाग्यशाली पुस्तक कमै होलान्, तिनमध्ये यो पनि एउटा हो भन्न पाउँदा प्रकाशकको हैसियतले अझ यति थप्न मन लाग्छ– काउकुतीले सधैं काउकुती लगाइ नै रहनेछ ।

– वासुदेव शर्मा
नि. कौवा-प्रकाशन

(तेस्रो संस्करणबाट)

चौथो संस्करण–

बाँकी भेटमा... ... ...

... ...

– वासुदेव

चरिचुच्चे 'च'

हो, मान्छे बिछट्ट छुच्चा भए, चौपट्ट लुच्चा भए। यिनै छुच्चा र लुच्चाको मिचोमा परेर हामीजस्ता लाटासुधा मान्छे फुच्चामा गनियौं। अनि, गुच्चा खेल्दा जसरी चुपो लागेको सुधो गोटीलाई चारैतिरबाट ताकिन्छ, त्यसै गरी छुच्चा र लुच्चाका कुर्कुच्चाहरू सधैं हामीजस्ता फुच्चालाई घुच्चा ख्वाउन तम्सिरहेका हुन्छन्। हुँदाहुँदा छुच्याइँ र लुच्च्याइँ नजान्नेहरूले अब बालुवाको लुच्चाइँ पकाएर खाए मात्रै हो, नत्र निर्वाह गर्न मुस्किलै छ।

छुच्चा र लुच्चाको आबादी किन यसरी बढ्यो त ? सवाल सजिलो छैन। कोही लख काट्छन्– आणविक उन्नतिले दानविक प्रवृत्ति बढ्यो। कोही भन्छन्– आचार नभएकोले अनाचार बढ्यो। तर सोध्ने कसलाई ? जो जान्दछन् उनै लुच्चा छन्। आजको ज्ञान नै लुच्चो छ, विज्ञान नै छुच्चो छ।

त्यसैले मानिसका शिक्षादीक्षा, राजकाज, घरकाज, किनमेल, हेलमेल, काम-कीर्ति, माया-पिर्ती सारामा छुच्याइँ र लुच्च्याइँले रजाइँ जमाएको छ। सबैतिर साँठगाँठ मिलाउँदामिलाउँदै अचेल मानिस जति पढ्दै र बढ्दै जान्छ, उति छुच्चो र लुच्चो हुँदै गएको देखिन्छ। बरु सच्चा कुरा निस्कन्छन् आफूजस्तै फुच्चाबाट। त्यसैले म भन्दै छु, छुच्चा र लुच्चाको सङ्ख्या बढ्नु चुच्चाको प्रभाव हो।

हो, आज चुच्चाको युग हो। पहिलेपहिले सुगा, मैना र कोइलीजस्ता चराका चुच्चालाई मात्र चुच्चा भनिन्थ्यो र तिनैको महत्त्व थियो। तर अचेल प्रत्येक मानिस चुच्चाप्रिय छन् र उनीहरूको सभ्यता चुच्चादारी छ। युवकहरू टाईको टुप्पो चुच्च्याएर लताछन् भने युवतीहरू केशको जुरोदेखि लिएर जुत्ताको एडीसम्म पनि चुच्च्याएर युवकहरूको चित्त ठुड्न खोज्छन्। यो चुच्चादारी सभ्यतामा छोराले बाबुसित पनि छुच्याइँ गर्नुपर्छ, स्वास्नीले लोग्नेसित पनि लुच्च्याइँ गर्नुपर्छ। नत्र साथी-सँगातीका अगाडि उनीहरूको फेसन बुच्चो

हुन्छ, रहनसहन किच्चो हुन्छ र चुच्चाचुच्चीको जमघटमा आफू खिच्चाभैं अपहेलित हुनुपर्छ ।

त्यसकारण अचेलका केटाकेटी बाह्रखरी पढ्दा सबैभन्दा पहिले चिन्दछन्– चरिचुच्चे 'च' । उसको त्यति राम्रो चुच्चो देख्तादेख्तै गुरुचाहिं मुखबुच्चे 'म' लाई 'राम्रो म' भनी सिकाउन खोज्छन् अनि गुरु-चेलाको मत मिल्दैन । वास्तवमा भनूँ भने वेदको ॐ जस्तै सम्मान्य अक्षर अचेलको चरिचुच्चे 'च' हो । किनभने रातदिन नखाई नहुने चिया, चुरोट, चुस्कीजस्ता अमृतमय अम्मलहरू चरिचुच्चे 'च' बाटै उठेका छन् । जब यिनको तलतलले मान्छे तुलबुलाउँछ, अनि ऊ बाबुको बगलीदेखि लिएर स्वास्नीको थैलीसम्म छाम्न पुग्छ, यसबाट सफल हुन नसकेमा उसले अनेकौं चाखलाग्दा जुक्तिबुद्धिको साधनामा लाग्नुपर्छ ।

एक पटक, हाम्रा साथीसाथीमा यही खलबल चलेको थियो– चिया, चुरोट, चप, चुस्की र चलचित्रको गर्जो टार्ने कसरी ? नेपालका युवकहरूको आर्थिक स्थिति यही हो । इलम उद्योगको सोच छैन, भोज खानै पर्ने, पोज राख्नै पर्ने । खेती गरूँ कोदालीको बोझ, व्यापार गरूँ किनबेचको झोंज, बरु खोज गरेर भए पनि जागिरै खान पाए न हो अलिकति मोज् हुने ! त्यसमा पनि स्याहासेस्ताको बोज र दिनहुँ हाजिर नभई नहुने झोंज आइपर्छ, अब के गर्ने ? त्यसै दिन एउटाले कुरो उठायो– बरु एउटा पार्टी खोलूँ, चन्दा उठाउन थालूँ । अर्को साथीले भन्यो– त्यसो किन नि ? एउटा पत्रिका चलाउने भनौं, वार्षिक ग्राहक बनाउँदै जाऊँ, वर्षदिनभित्रमा एउटा निकालिदिउँला अरू त च्वाम्म भइहाल्छ । नभए स्कूल खोल्ने या अस्पताल बनाउने बिज्ञा लगाएर चन्दा उठाए पनि भयो । त्यसै माग्न जाऊँ भने सुटेडबुटेड लबिदरेको इन्सल्ट भइहाल्छ । चन्दा भनेपछि त न माग्नेले लजाउनुपर्छ, न दाताले रिसाउन हुन्छ । चन्दा– यो बीसौं शताब्दीका चतुरहरूले आविष्कार गरेको प्रजातान्त्रिक ठगपद्धति, जो चरिचुच्चे 'च' बाटै उठेको न हो !

त्यस दिनदेखि कोही ठगीकन जेल जान नपर्ने यस्तै प्रजातान्त्रिक उपाय अपनाउन लागे । कोही, यसका कुरा उता, उसका कुरा यता गर्दै चुक्लीको पुरुषार्थ गर्न लागे । कोही ठूलाबडाको पुच्छर समाती तरकारीको झोलादेखि लिएर सरकारी ब्यागसम्म बोकी चाकरी गर्न लागे । कोही चिप्लेकीराजस्ता नरम भएर चिल्लो घसी चापलुसी गर्न थाले । म थिएँ तीन न तेह्रको तिलकाने, चप्पलको चपेटाले चाउरिएको कुनै प्रेमीझैं चौबाटोमा लर्खराएको लर्खरायै भएं । चाकरी, चुक्ली र चापलुसीको पुरुषार्थ गर्ने साथीहरूको नाक

चुच्चिंदाचुच्चिंदा माछापुच्छ्रे हिमालको चुचुरोजस्तो भइसक्यो तर आफूलाई चार पैसाको चटामरी र चारवटा गेडा चना कसैले पत्याउने होइन । अब तपाईं नै भन्नोस्, चरिचुच्चे 'च' को महत्त्व कत्रो रहेछ ? छकाउने र फकाउने, झुलाउने र फुल्याउने, लखेट्ने र झपेट्ने, घचेट्ने र सँगेट्ने यी सबै यसै चुच्चाका देन न हुन् !

हुन त मान्छेको मुख पनि एउटा चुच्चै हो । भन्न मात्रै हामी त्यसलाई चुच्चो नभनेर 'चोसो' भन्छौं । चार-पाँच महिनाको बालकलाई काखमा लिएर आमाचाहिँ 'बड कतै !' भनी हप्काइदिन्छे, अनि बालक चोसो पसारेर रोइदिन्छ । उसको चोसो देखेर सबै मुग्ध हुन्छन् र चोसो हेर्नैका लागि बालकलाई जिस्क्याइरहन्छन् । यसबाट मानिस कति चुच्च्याइँप्रिय हुँदो रहेछ भन्ने थाहा हुन्छ । हुँदाहुँदै आखिर सबैलाई त्यही चोसाले पिर्छ । बालक दूध चोरेर खान्छ, पिटौं भने चोसो पसारिदिन्छ, अनि माफ दिन करै लाग्यो । उसको खेलौना वा उसका घरको केही चीज कसैले उठायो भने "हेर बाबू ! तिम्रो लग्यो" भनी बालकलाई जगाइन्छ र ऊ चोसो पसारेर आफ्नो माल कसैलाई लान दिँदैन । यसरी बालकदेखि नै लुच्च्याइँ र चुच्च्याइँको तालिम मान्छेले आफ्नो चोसाको माध्यमबाट पाउँदै आएको हुन्छ । त्यसैले अचेल कसैलाई फुर्क्याउनुपर्‍यो भने अलिकति गुलियो चटाएर चोसो मुसारिदियो, कसैलाई घुर्क्याउनु छ भने गह्नाउने मुख लाएर चोसो पसारिदियो, सिद्धिहाल्छ ।

मैले भनिहालें नि, मानिसको चुच्चै मुख हो । त्यसैले अचेल कोही मुजुरको भैं चुच्चा सिंगारेर 'राम्रा' भनिन खोज्छन्, अनि सिनेमाका राम्रा-राम्रीले भैं मानिसलाई बुच्च्याइदिन्छन् । कोहीचाहिँ सुगाको भैं चुच्चो चलाएर 'विद्वान्' भनिन खोज्छन्, अनि अचेलका नेता-नेतीले भैं भाषणले फकाएर मान्छे छकाइदिन्छन् । कोही चमेराभैं चुच्चो मिलाएर 'प्यारा' बन्न खोज्छन्, अनि ब्वाँसाले भैं मानिसलाई फुलाएर सुल्याइदिन्छन्, अझ कोही बाजका भैं चुच्चा तिखारेर बलिया बन्न खोज्छन्, अनि ठूलठूला राष्ट्रका भैं परस्पर चुच्चा जुधाएर लुरेलाम्रे देशहरूलाई चपाइदिन्छन् ।

त्यसकारण, सुखपूर्वक बाँच्न चाहने हो भने अब सबैले चकार-माहात्म्य पढेर चुच्चाको महत्त्व बुझ्नुपर्छ, छुच्चा हुनुपर्छ, लुच्चो हुनुपर्छ । नत्र हामीजस्ता लुर्कुच्चा फुच्चाले खिच्चाको बच्चाभैं छुच्चा र लुच्चाका बुर्कुच्चाको घुच्चा खादै डिच्च परी टुकुचाको उच्चा पर्खालबाट हामफालेर यमलोकतिर सुइँकुच्चा ठोके हुन्छ ।

हाँसोको जात-थर

"हाँस्यो कि काम नास्यो" भन्ने उहिल्यैदेखिको उखान अहिलेसम्म चलेकै छ । तैपनि हामीले भने हाँस्न छाडेका छैनौँ । काम त के, मामै नासिए पनि हाम्रो हाँसो कुनै दिन नासिएको छैन । छाती फुलाएर महादेव या भीमसेनको जस्तो अट्टहासे खित्का छाड्न हाम्रो बर्गतले नभ्याए पनि नाक बजाएर आफ्ना नारानपाते फुस्रा ओठ फटचाउन मरिगए कोही छाड्ने हुन् र ? कोही खित्त गर्छन् भने कोही खितितित्त गर्छन् । कोही हल्ल गर्छन् भने कोही हललल्ल गर्छन् । कोही मुसुक्क मुस्कुराउँछन् त कोही डिसिक्क ओठ बङ्ग्याउँछन् ।

"हाँस्यो कि काम नास्यो" भन्ने सिद्धान्त कडा भयो भनेर नै होला हाम्रा आदिकवि भानुभक्तले भनेका थिए– अरूले हाँसे हाँस, तर बुहारीहरूले चाहिँ कत्ति नहाँस है । तर अचेल बुहारी मात्र त के, भूतपूर्व बुहारी, बुहारीका उम्मेदवार सबै खिलखिलाइदिन्छन् ।

अँ, यसरी बाह्रै महिना बाह्रै काल केही न केही रूपमा हामी हाँस्न खोज्छौँ । यद्यपि तपाई-हामीजस्ता गरिबगुरुवाहरूको कर्ममा खिलखिलाएर हाँस्ने साइत बिरलाकोटी मात्र पर्छ । तैपनि हाँस्न त हामी खोज्छौँ, खोज्छौँ । त्यसैले हाँसोका जात-थर, नाम, दर्जा इत्यादिको विश्लेषण गरेर सानू-सानू रूपमा भए पनि बिस्तारबिस्तार हामीले हाँसोशास्त्रको चर्चा गर्नु नितान्त आवश्यक छ । "रोटी पनि हेर्नाका छन् राँड" भनेझैँ हाँसो पनि त हेर्नाका होलान् नि ! हाँसोका धनीले यसबारे केही विचार गरेनन् भन्दैमा हामी हाँसोका गरिबहरू पनि केही कनीकुथी किन नगरूँ ? आखिर धनीबाट भएकै पो के छ र ?

अँ, हाँसोलाई प्रतिध्वनित गर्ने शब्द अचेल हाम्रो भाषामा धेरै नै बटुलिइसकेका छन् । जस्तै– (१) खिस्स, खिसिक्क (२) मुसुक्क, मुसुमुसु (३)

हल्ल, हललल्ल (४) डिस्स, डिसिक्क (५) खित्त, खितित्त, खितितित्त इत्यादि । तर लेखन्ते र बकन्नेले प्रयोग गर्दैमा हाँसोको विधि नै यो विधि छन् भनी मान्न सकिन्न । छानविन गरेर हेर्दा हाँसो चार भागमा मात्र बाँडिएको छ, जस्तै– खिसिक्क, मुसुक्क, हल्ल र हललल्ल । हल्ल र हललल्लको स्त्रीलिङ्गी रूप खित्त र खितितित्त हो । किनभने यी शब्दले आइमाई हाँसेको भन्ने सम्झिन्छ, जस्तै– "ती छंडुल्लीहरू खितितित्त हाँसे ।" कोही मन नपरेको मान्छेको हाँसो वर्णन गर्दा उसले जतिसुकै राम्रो मुस्कान छोडेको भए तापनि 'फलानो डिस्स हाँस्थ्यो' भनी हेलचेक्याइँको दृष्टिले वर्णन हुन्छ । यसकारण डिस्स र डिसिक्क पनि 'मुसुक्क' कै विकृत रूप हुन् भनी माने हुन्छ । अब बाँकी रहन आउँछन्, उही चार प्रकार– खिसिक्क र मुसुक्क, हल्ल र हललल्ल । बुझ्न सजिलो होला भनी यी चार प्रकारका हाँसोमध्ये खिसिक्कलाई 'राजहाँसो' मुसुक्कलाई 'भारदार हाँसो' हल्ललाई 'पब्लिक हाँसो' र हललल्ललाई 'मतवाली हाँसो' भनी बूढापाकाहरूले नाम राखेका हुँदाहुन् । कतिपय बाठा-बुज्रुगहरूले दोस्रो दर्जाको 'मुसुक्क'लाई 'कामिनी हाँसो' पनि भन्ने गर्थे होलान् । जे भए पनि राजा-रजौटा, भारदार, साधारण जनता र मतवाली (अछूत) यी चार वर्गमा विभाजित त्यस बेलाको समाजलाई एक-एक प्रकारको हाँसो भाग लागेकै थियो । तर दर्जाअनुसारको हाँसो बाँडिए तापनि एउटा सुविधा के थियो भने उपल्लो दर्जाका व्यक्तिले नीचा दर्जाको हाँसो हाँस्दा न दर्जाको अपमान सम्झिन्थ्यो, न भात-पानीकै सवाल उठ्थ्यो । खास गरेर भारदार्नी युवतीहरूचाहिं कहिलेकाहीं भित्तै फाट्ने गरेर मतवाली हाँसो पनि हाँसिदिन्थे । यो चलन अहिलेसम्म चलेकै छ ।

समय बित्दै गयो भनूँ वा अघि सर्दै गयो भनूँ, मतवाली हाँसोलाई फोक्सो सफा गर्ने हाँसो भनी विज्ञानले सर्वोत्तम ठहऱ्याइदियो । पहिलो दर्जाको राजहाँसो (खिसिक्क) लाई आधुनिक ठिटाटिठीले विरामी हाँसो भनी पन्छाइदिए । दोस्रो दर्जाको भारदारी हाँसो (मुसुक्क) लाई नवोदित युवक-युवतीले आफ्नै दाइजो सम्झी प्रेमको माध्यम बनाउन थाले । वर्ग बढे, पद बढे, वाद बढे र फेसन बढे । यी सबैका लहैलहैमा हाँसोका पनि भेद, विभेद र उपभेद निस्किए । शाब्दिक विश्लेषणले मात्र नभ्याई भावको आधारमा हाँसोको विश्लेषण र वर्गीकरण नगरी नहुने स्थिति आइपुग्यो ।

यसरी भावात्मक अध्ययन र अनुसन्धान समाजव्यापी रूपमा गर्दा हाँसोको भेद, विभेद, उपभेदहरू नेपालका लेखक-कविभैं तालतालका

निस्किन्छन् । त्यसैले टाउक-टाउके प्रकारको मात्रै यहाँ चर्चा गर्नु सम्भव होला ।

बूढाबूढीहरू उखान गर्छन्, "अचेलका ठिटाठिटीहरू कुक्कुरको पुच्छर बाङ्गो देखे पनि हाँसिदिन्छन् ।" नभन्दै अचेल नेप्टीको नाक देखेर कोप्ची डिस्स गर्छे, कोप्चीको आँखा देखेर नेप्टी खितित्त गर्छे । मोटालाई थसुल्लो, थुम्बे, घ्याम्पे, भकारी, ढोक्से, ढब्बू र ढेडू इत्यादि विशेषण दिएर दुब्ला-पातलाहरू डिस्स गर्छन्, दुब्ला-पातलाहरूलाई सिद्रो, टिम्मुरे, स्याल, जिरिख्याम्चे, नसे, मरीच, जिम्मु इत्यादि विशेषण दिएर मोटाहरू डिसडिसाउँछन् । यो हाँसो प्रायः डिस्स र डिसिक्कको रूपमा प्रवाहित हुन्छ । त्यसकारण यस प्रकारको हाँसोलाई मेरो आधुनिक हास्यविज्ञानले 'कुकुरपुच्छ्रे हाँसो' भन्ने नाम दिएको छ । कुकुरपुच्छ्रे हाँसो नेपालको मौलिक हाँसो हो तापनि अलिअलि फिल्मी पालिस लगाएर यसलाई कर्के छड्के र छिर्के गराई आजका युवक-युवतीहरू हाँस्ने गर्दछन् ।

अर्को छ पँधेरेहाँसो । धारापँधेरामा पानी लिन जाने आइमाईहरू डोका न डालाका गफ झिकेर हाँस्ने गर्छन् । यिनैबाट उत्पत्ति भएकोले पहिले पँधेरेहाँसो यस्तै पँधेर्नीहरूमा मात्र सीमित थियो । तर हिजोआज हाम्रा स्वतन्त्र भलादमी, शिक्षित गफी, बुझक्कड बुद्धिजीवी अर्थात् अलपत्रिएका नेता, खोसिएका मन्त्री, नगनिएका लेखक, प्रमोसनमा हेपिएका कर्मचारी, जागिर नपाएर रङमङिएका ग्राजुएटहरू सबै पँधेरेहाँसो हाँस्तछन् । क्रुश्चेभ र केनेडीलाई जोखतौल गरी हाइड्रोजन, एटम, उपग्रह निरस्त्रीकरणदेखि लिएर टुकुचामा मूला पखालेका कुरासम्मको विचार-विमर्श र वादविवाद गर्दागर्दै बीचबीचमा यिनीहरू यस्तरी हाँसिदिन्छन् कि घरको भुटुन-समस्यासमेत त्यही हाँसोमा बतासिएर अट्टहास गर्न थाल्छ । गफ गर्न पढेका, जागिर खान डिग्री लिएका, मन्त्री हुन पार्टी खोलेका, पैसा कमाउन पत्रिका चलाएका, दक्षिणा लिन रामनामी बेरेका, नाम छपाउन कविता लेखेका यी भलादमीहरूले टुँडिखेलको दूबो चिमोट्तै हाँस्ने यस किसिमको पँधेरेहाँसो हाँस्न कत्ति पनि गाह्रो पर्दैन । तर हाँस्ता कि अर्काको नाडी समाएर घचघच्याउनुपर्दछ, कि आफ्नै तिघ्राको मादल बजाउन भने बिर्सनु हुँदैन । पँधेरेहाँसोलाई ००७ सालपछिको नेपालको सबैभन्दा विकसित हाँसो भनिदिए हुन्छ ।

अर्को थरी 'नाकनिके हाँसो' हाँस्तछन् । अल्लारे ठिटाठिटीहरूको कामकुरोलाई नाकनिक गर्दै बूढी आमैहरूले यो हाँसोको सिर्जना गरेका हुन् ।

तर अचेल नाकनिके हाँसोले पनि हाम्रो समाजमा निकै आदर पाएको छ। श्रीमान् 'क' को कुरा सुन्दा श्रीमान् 'ख' नाक चेप्प्राएर मुख छोपी हाँस्तछन्। श्रीमान् 'ग' को कुरा सुनेर श्रीमान् 'घ' नाकनिकाउँछन्। फलाना नेताको भाषण तिलाना नेतालाई हास्यप्रद बन्दछ, ढिस्कानाको सिद्धान्त सुन्दा अर्कालाई हाँसो उठ्छ। श्लोकबद्ध कविता देखेर नयाँ कवि खित्का छाड्छन्। आधुनिक कविता पढ्दा पुराना कविहरूको तालुदेखि पैतालासम्म चिलचिलाएर हाँसो उठ्छ। तपाईं भन्नुहोला नाकनिके हाँसो र कुकुरपुच्छ्रे हाँसो उस्तै त हुन् नि ! तर अलि याद राख्नोस् नाकनिके हाँसोमा अरूलाई दुई पैसामा पनि नगनी गिज्याउने गुलियोपन रहन्छ, कुकुरपुच्छ्रेमा खल्लो हाँसो मात्र।

अर्को एक थरी हाँसो छ– कालिदास हाँसो। कपुरी 'क' दुब्लाएको भनी जुन बेला महाकवि हुने कालिदासजी रोएथे, त्यस बेलादेखि यो दयनीय हाँसो जन्मिएको हो। यो हाँसो हाम्रा तराई पहाडतिरका अनजान गाउँले दाजुभाइहरू हाँस्छन्। उनीहरूको भूगोलमा नेपालको दक्षिणतर्फ घोरमुखाको मुलुक छ, पूर्वतिर १८०० सिँढी भएको स्वर्ग जाने भऱ्याङ र उत्तरतिर पाताल जाने १०८ कोसको सुरुङ छ। उनीहरूको राजनीतिमा पृथ्वीमा जम्मा चार बादशाह छन्। बङ्गाल र मद्रासको लडाइँ हुन्छ। २०२० सालमा पृथ्वी घोप्टिएर मान्छेजति सारा पातालपोखरीमा मुन्टो गाड्न पुग्छन् इत्यादि अनौठाअनौठा कुरा उनीहरू थाहा पाउँछन् र मरीमरी हाँस्छन्।

अचेल यस्तो पनि एक वर्ग हाम्रो समाजमा देखिएको छ, जसलाई आफ्नो बुद्धि-बर्गतले नभेटे पनि नाम कमाउने भोकले सताएको हुन्छ। आफ्नो हुस्सूपनलाई उडाउँदै अरू हाँसेको थाहै नपाई मैले खूबै राम्रो ग्रन्थ लेखेँछु भनी गजक्क पर्ने लेखक, मैले राजनीति बुझेको छु भन्ने ठानी घिरौंलाजत्रो नाक पार्ने तीनसुके नेता र मेरो बोलाइको माधुर्य कस्तो छ भन्ठानेर गम्कने वक्ता इत्यादि। यिनीहरू अरूले आफूप्रति व्यङ्ग्यात्मक भावले हाँसेकोलाई प्रशंसा सम्झेर स्वयं पनि हाँस्न थाल्छन्। यस्तो अर्थात् आफ्नो काम र कृति देखेर आफैँ छाडिने बोक्रे आत्मगर्वको फोस्रो मुस्कानलाई 'बाँदरपुत्रे हाँसो' भन्नुपर्दछ। एकपल्ट एउटी बाँदर्नीले आफ्नो भुत्ते चिउँडो भएको छोरालाई सुन्दरताको प्रतियोगितामा विजयी बनाउन लगेकी थिई रे। त्यस बेलादेखि हाम्रो समाजमा बाँदरपुत्रे हाँसोले जरो गाडेको हो भन्ने बूढापाकाको अन्दाज छ।

अर्को एक थरी झन् मजाको हाँसो छ 'गँजडी हाँसो'। गँजडीका

गफको बयान गर्दै महाकवि देवकोटाले एउटा उदाहरण दिनुभएको छ– एउटा मान्छे हिँड्दाहिँड्दा यतिसम्म हिँडयो रे कि उसको पैतालादेखि टाउकोसम्म खिएर साँझमा 'टुपी' मात्र लुखुरलुखुर घर आइपुग्यो रे। यस्तै जिली न गाँठीका तर मरीमरी हाँस्नुपर्ने कुरा गँजडीहरू निकाल्छन्। हिजोआज गँजडीभन्दा सोमरसीहरूको आबादी यस्ता कुरामा बढी देखिन्छ। खास गरी ठूलाबडा भेला हुने रिसेप्सन, कक्टेल पार्टी आदिमा यस्तो हाँसोको फोहरा छुट्तछ। आफू 'सुध-बुध खोया' बनेर अरूलाई हँसाउन सक्नु गँजडीहाँसोको विशेषता हो।

यिनका अतिरिक्त दुलहीहाँसो, चेपारेहाँसो, जङ्गीहाँसो, झक्कडीहाँसो, छुचुन्द्रेहाँसो, मुसुमुन्द्रेहाँसो इत्यादि सयौँ हाँसोका प्रकारहरू छन्, यी सबैको चर्चा गर्न थालूँ भने हाँस्ताहाँस्ता पेटका आन्द्राभुँडी चुँडिने डर हुन्छ, त्यसैले अहिलेलाई मनमनै हाँस्नु सबैभन्दा राम्रो।

नयाँ भाखा र नयाँ कवित्त

गोर्षापत्रले विसेखांक निकाल्ने सुइँको पाउनासाथ मलाई पनि एउटा कथनी छाँट्न मन लागिहाल्यो । तर कथनी पो कुनचाहिँ छाँट्नु ? घर पुग्नासाथ कम्पारामा हात राखेर गम्न थालें, सिलोक जमाउने हो कि कुथुङ्ग्री कथ्ने हो कि, जमर्को हाल्ने हो कि, घोल्ल्याइँ नै गमर्क्याउने हो ? केचाहिँ कथे लेखुवामा नाम दर्ता होला ?

साढे सत्ताइस मिनिट गमेपछि सिलोकै जमाउने अठोट आयो र कम्पाराको हात सट्ट झिकेर सिनेमाको जोकरका झैँ च्वाट्ट चुट्की बजाएँ । गिसक्क ओठ बङ्ग्याएर चुरोटको धुनी लगाउँदै बसें, पलेँटी कसेर । ए बा बा र ! मजस्तो मान्छेले पलेँटी कसेपछि एउटा भानुभक्त बूढाको जस्तो सिलोक कसो नजम्ला त ? उसले "गजाधर् सोतीकी घरबुढि अलच्छिन्कि रहिछन्" भनेर आदिकविको दर्जा पड्काए त म पनि "फलानाकी स्वास्नी नकटि छकर्टी प्याङ रहिछन्" भनेर एउटा दर्जा किन नपड्काऊँ ? आदिकवि नपाइएला रे भनु, तर अन्तेकवि त कतै नजा । आदि भन्या आधि नै हो । यो असिछितको समाजमा आधिकविको भन्दा अन्तेकविको दर्जा ठूलो भैहाल्छ । सिलोकजस्तै आफूलाई चलाउनुपरेको छ नाम, चाहिएको छ भोजभतेरका टिकट, अर्थात् निम्तापाता । यहाँ कुनचाहिँ डचाङका मूला सद्दे छन् र ? कोही संस्कृतका ठिमाहा र कोही अङ्ग्रेजीका दमाहा न हुन् ! आफू परगतिसील झर्रोवादी, निक्खरा नेपाली । मेरा झर्रा सबदको अर्थ लगाउन इनका बाउको तागत चल्दैन । चार-चार बर्खअघिदेखि लेख्न लागेको पो त ए ! साढे नउगोटा सिलोक, तिनोटा कुथुङ्ग्री, अढाइगोटा घोल्ल्याइँ र गोडा दसेक जमर्काहरूको बिटो पारिसकेको छु मैले, बुझ्नुभो ?

अँ लेखौटो घोप्टचाएर लेख्नौटोको सिरानमा 'श्री' के लेखेको थिएँ, म झस्याङ्ग भएँ । ओहो ! मैले त उही पुरानो बानाको 'श्री' पो लेखेँछु । झर्रो भाखामा 'श्री' दन्ते 'स्त्री' हुँदो हो । न 'सिरी' पो लेख्नुपर्ने थियो कि ? अब

कल्लाई सोध्ने ? झर्रोवादीका पनि त यतिका मतमतान्तर छन् ।

१. सउकोटा खाले

२. पातलो 'स' खाले

३. लोग्नेमान्छे खाले

४. यताउति खाले

सउकोटा खाले झर्रो वियाकरन र 'सबदका कन्तूर' (कोख) सउकोटाजिउकै ओढ्नेभित्र गुटमुटिएका छन् । तिनले घामको मुख देख्न पाउने कुन मन्तरीको पालामा हो कुन्नि ? पातलो 'स' खालेका बाउलाई घोत्लिँदाघोत्लिँदै ठिक्क छ । लोग्नेमान्छे खालेले 'पाठशाला' को सबद बनाउँदा आफ्नै कुललाई लोप्वा ख्वाएर इस् कुल गराइदिए ।

यताउति खालेको पछि लागूँ भने आफ्नो नाउँ पनि यताउतिमै उडेर लेखन्तेमा दर्ता भए भने फसाद ! त्यसैले दुई घडी गम्दा मैले पनि एउटा सिद्धै मतो निकाल्ने गम गरें । मेरो मतोका दुई-चारगोटा मेलो सुनिहाल्नोस्–

(१) मोटो 'श' लाई पातलो गराउने, पेट फाऱ्यो 'ष' र मोटो 'ख' लाई साटासाट गरिदिने । जस्तै : वर्षको बर्ख, षडानन्दको खडानन्द, शर्माको सर्मा, शब्दको सबद ।

(२) तत्सम सबदलाई बिगारेर झर्रोकरण गर्ने जस्तै : पुस्तकलाई पोस्तक, गीतलाई गीद ।

(३) व र ब मा व लाई काटी नै दिने, 'बा' लाई बोलाउनुपऱ्यो भने 'वा वा' भनेर लाटो कराएझैं कराइदिने ।

(४) रस्व र दीर्घमा जाँ' जाँ', जस्तोजस्तो मन लाग्छ त्यस्तैत्यस्तै गर्ने ।

(५) सकेसम्म चल्तीको वाक्य बनाउने जस्तै : 'कहाँबाट आइस्' को ठाउँमा 'काँ'ट आइस् ?' 'सरा'ट आएँ' (सहरबाट आएँ) इत्यादि ।

(६) झर्रो पर्याय हाल्ने जस्तै : प्रकाशकलाई 'खर्चन्ते', मुद्रकलाई 'छपन्ते', मन्त्रीलाई 'मतुवा', सेक्रेटरीलाई 'सिगरेट्री' । यस्तैयस्तै झर्रा सबद लेख्ने गर्दागर्दै म आफ्नो भाखालाई नेपालेजतिले बुझ्नै नसक्ने पारिदिन्छु । कसो मेरो नाउँ लेखुवामा दर्ता नहोला त ? नेपाले सबदको अरथ झिक्न बेलाइते या रूसे पढन्तेहरूलाई पनि बोलाउन परेन भने त्यो के झर्रो नेपाले भाखा ? समस्कीर्ति सबदबाट रहेका मान्छेका नाउँसमेत झर्रो नेपाले गराउने मेरो अठोट तपाईंहरूले सुन्नुभएकै होला । देखोटको निम्ति केही नाम झारूँ–

(१) बालकृष्ण– केटाकेटी कालो ।

(२) विश्वबन्धु– संसार इष्टे ।

(३) श्यामप्रसाद– कालो निगाह ।

(४) दाताराम– दिने-खाने मालिक ।

(५) बलराम– तागतराम ।

(६) भानुभक्त– सुर्जेभगत ।

(७) श्रीधर– सम्पत्ति बोक्ने ।

(८) तारानाथ– तारे पोइ ।

(९) महानन्द– झन् ठूलो रमाइलो इत्यादि ।

अनि मात्र सप्पै नेपाले गराउने सरकारको धोको पनि पुग्ने थियो । अङ्ग्रेजेलाई नेपाले गराउन भनी टाँस निकाल्ने सरकारे हाकिमजिउले आफ्नो दर्जा अङ्ग्रेजीमै रहन दिए तापनि मेरो भाखा चलेपछि उहाँहरूको नाउँचाहिँ झर्रो नेपालेमा राखिदिन्थें । सरकारे टाँसले भाखा भनेको लिपि मात्रै हो भन्ने सम्झ्यो । बेपारीले अछेर मात्तै देवनागरीमा लेखेर आँखामा छारो हालेको पत्तै छैन । सके सप्पै टाँसपाटी नेपालीमा गराएँ भनी घिरौंलाजत्रो नाक पारी पर्मोसन माग्न जाने पनि भित्रभित्रै निस्के होलान् ।

सप्पैको नाउँ नेपालेमा बदले पनि आफ्नै स्वास्नीको नाउँ बदल्नचाहिँ मैले तमाम झर्रोवादी पढन्तेहरूको जमघट नबोलाई सुख पाउन्न । किनभने उनको नाउँ छ भगवती । भगवतीको झर्रो नेपाले के होला ? एकेडेमीको सबदकोख हेरूँ भने दुई बखंदेखि भएजति वल त्यसैमा लगाएर जमर्को कस्ता पनि छापिइसकेको छैन । एकेडेमीका सदस्सेलाई सोधूँ, उहाँहरूलाई तलबी फाराम भर्दैमा ठीक छ । झर्रोवादका पुरेतहरू ननिस्कीकन 'भगवती' र 'भगवान्' को झर्रो सबद निस्कन गाह्रै छ ।

सिलोक जमाउन कस्सिएको म भाखा-विचारमा पो रल्लिएछु । अँ, त्यताबाट पातोको सिरानीमा 'सिरी' लेखेर सिलोक जमाउन थालें । तर के गर्नु र, छन्द र अलङ्गार भनेको कुन सारंटेको नाउँ हो भन्ने मलाई भानुभक्तको लयमा सिलोक जमाउन के लाग्थ्यो । अनि विचार गरें– यो थोत्रो लयमा को लेख्छ ? नत्रा लेख्नुपर्छ नत्रा । नौलो पाराका सिलोकलाई कवित्त भन्छन् क्यार झर्रो भाखामा । हिन्दी र समस्कीर्तिका सबद अलिअलि बटुलेर नेपालेकरण गराएँ । अनि पूरापूर साढे पाँच हरफको एउटा कवित्त बनेछ, लौ सुन्नुहोस्–

"प्रिये ! उच्छल झर्नाको छाडोमा,

तिमी र मैले निधार जोरेर,

त्यो दिन, उच्छ्वास, सम्भ्रम उदविकटाइँमा ।
कसरी मायाको पटुको कसेको ।
सम्झना स्मृति, तरल उमङ्ग मुखरित ।
पवन उरको रिमझिमतामा ।"

अनि आफ्नो कवित्तको नवीनता, गम्भीरता, पदलालित्य, अलङ्कार भाव र परगतिसीलता देखेर म आफैँ फुरुक्क परेँ । दोहोऱ्याएँ, र स्वास्नीजिउलाई समेत दुई पटक सुनाएँ । उनले छर्लङ्ग बुझिछन् क्यार भनिहालिन्–

"ओहो ! तपाईं त पक्का कवि हुनुभो ।" तर गजबको कुरा त के भने यति गम्भीर उत्कृष्ट कवित्त लेख्ने खुबी भएको मान्छे म आफ्नै कवित्तको अर्थ बुझ्दिनँ । नयाँ कवित्तको विसेखता नै यही रहेछ भन्ने गमी तुरुन्त गोर्षापत्रका सम्पादन्तेको नाउँमा चिठी खसालिहालेँ ।

टी–पार्टी

देख्ता लुरीले पालेको कुखुरोजस्तै भए पनि म काठमाडौंको एउटा चानचुने भलादमी नै हुँ । सरकारीमा मेहतरदेखि मन्त्रीसम्म, ढाक्रेमा गाइनेदेखि गुर्जुसम्म मैले नचिनेको कोही छैन । राजनीतिकै कुरा गरूँ भने पार्टी चहार्दाचहार्दा खाग भएर हाल 'नातागोता कमिसन' को सिफारिसबमोजिम सिनेमा विभागअन्तर्गत 'टिकट ब्ल्याक मार्केटिङ कमिटी' को अस्थायी महासचिव बन्न पुगेको छु । साहित्यमा भन्नुहुन्छ भने हेड पियनदेखि हेड मन्त्रीसम्मको स्तोत्र बनाई लेखेको मेरो 'स्तुतिशतक' पढ्नुभएकै होला; जो ठूलाबडाले छपाएको भए ठूलठूला विद्यालयले आफ्नो पाठ्यक्रममा उहिल्यै राखिसक्थे । धेरै बयान गर्दा धक्कु लगाएजस्तो पर्ला भनेर मात्रै भन्न डराएको, नत्र त बोक्सी बकाउनेदेखि लिएर मान्छी फकाउने काममा समेत कहिल्यै पछि हट्नुपर्ला जस्तो मलाई लाग्दैन ।

(तर यो कुरा सुटुक्क भनेको नि ! हल्ला नगर्नुहोला) कुरोकुन्तुरोको कोसेली लगेर पोकोपुन्तुरो ओसार्न त म वर्णाएकै हुँ । यतिको ज्ञान-विज्ञान तैंले कहाँबाट हासिल गरिस् त भन्नुहोला ! यो सबै ठूलाबडाका सङ्गतको प्रसाद हो ।

मैले गर्न आँटेको गाँठी गुनासो के भने यति इम्पोटर्चान्ट मान्छे भएर पनि कतै टी-पार्टी भयो भने मलाई निमन्त्रणा पठाउन बिर्सिदिन्छन्, कस्तो लाज मर्नु ?

पोहोरसम्म त मलाई टी-पार्टीमा जाने तिर्सनै थिएन । मैले पढेको अङ्ग्रेजीमा 'टी' माने चिया, पार्टी माने सङ्ग, 'टी-पार्टी' माने 'चियासङ्ग' हुन्थ्यो । आफूले कत्राकत्रा सङ्ग, संस्था देखिसकियो, जाबो चियासङ्गमा को जाला भन्थें । म वास्तै गर्दिनथें । तर एक दिन कुन्नि कुनचाहिँ उत्सवको भांलिपल्ट हो, एक जना शास्त्रीज्यूकहाँ गएको त अघिल्ला दिन आफूहरूले

होटल च्वायलमा आचमन गरेको पञ्चामृतको पो बयान हुन लागेको रहेछ। सनातन सुरक्षा समितिका नेता सुवेदीज्यूले पञ्चामृतको सुरमा आफ्नो विश्वामित्रे दाढ्ढी आफैँले फहऱ्याउन लागेका रे। सांस्कृतिक मन्त्री द्विवेदीज्यूले आफ्नो टोपी नै हराए रे। राष्ट्रियता संरक्षक समितिका असिस्टेन्ट डाइरेक्टर चतुर्वेदीले चारै आचमनमा सन्जे फलाक्न थालेका रे। ओहो ! त्यहाँ म भैदिएको भए ! सुवेदी, द्विवेदी र चतुर्वेदीको समेत यो चर्तिकाला भयो भने म त कुन वेदी हुँ र, हद्द भए हलुवावेदी हुँला, त्यत्ति न हो ! पञ्चामृतदेखि केको लाज ! पञ्चामृतोपाख्यानको साथसाथै रसबरी, फुलबरी, फिसबरी, चिकनकरीको पनि बयान सुन्दा पो मैले टी-पार्टीको वास्तविक र व्यापक अर्थ बुझेँ। इमान्दारीपूर्वक भन्ने हो भने त्यसै बेलादेखि टी-पार्टी भन्ने सम्झ्यो कि मुखमा साउनको मूल फुटेझैँ सर्र पानी आउँछ। तर फसाद के भने बिरालोले ासो ढुकेझैँ ढुक्ताढुक्ता बल्लबल्ल यस्तो पार्टीको समाचार कहिलेकहिले पा.न्छ तर म अभागीलाई निम्ताचाहिँ आउँदैन।

एक दिन घुम्दैघुम्दै एक जना भूतपूर्व एस्.पी. ज्यूकहाँ पुगेको ि'एँ, पुग्नेबित्तिकै उनले सोधे– "भोलि पार्टीमा जाँदैनौ ?" मैले भनेँ– "खोइ र निम्तो छैन।" उनले कड्किँदै भने– "अँ के यो ब्राह्मण-भोज हो र ! निम्तो नभई जान नहुने ? कसिकसाउ भएर एउटा ठूलाबडाको पछिपछि जाऊ न, ढोकामा कार्ड खोजिहाल्यो भने 'ओ, सरी' भनिदिनू, कुराकानी पास।"

पार्टीमा त जाने भइयो, तर लुगो पाउने कहाँ ? फ्याँते कटुवालले सिएको दौरासुरुवाल लाएर के जानु, आफ्नो एउटा भएको पाइन्ट दसैँको भेडो खुइलिएझैँ खुइलिएको छ। आफू नाम नचलेको मान्छे भए पनि मरिजाओस् त भन्नु, ठूलोबडो नै नभए तापनि ठूलाबडाको पुच्छर हो भन्ने सबैलाई विदितै छ। आजको नेपालमा मान्छेको भलादमित्व जोख्ने लुगो नै हो भन्छन्। अन्तको कुरा परै जाओस्, पशुपति बूढाबाको मन्दिरमा समेत बाबूसाहेबी लुगा लगाएको छ भने छेमडेल अड्डाको कुल्लीले पनि छाप टीका र माला पाउँछ, झुत्रेझाम्रे भएर गयो भने 'मै हुँ' भन्नेले पनि दुई पात नारानपाती लिन दुई घण्टा घुइँचो खानुपर्छ।

सोच्तासोच्तै मलाई कृष्णजीले मावल जाँदा धोबीको लुगा खोसेको कथा चट्ट याद आयो। तर उनी त 'भगवान्' थिए र पो, बिचरा धोबीले केही गर्न सकेन। आफू त्यसरी लुगा खोस्न जाऊँ त बजाइदिन्छ ए, दुईतिर गालामा डब्बल ताली। आखिर एउटा गजब जुक्ति सुझ्यो र एक जना

ठूलाबडा इष्टमित्रकहाँबाट ल्याएँ, एक जोर सुट सुटुक्क । तर सुट रहेछ घ्याम्पे कर्णेलले लाउने जत्रो, आफू थिएँ च्यान्टे कप्तानजस्तो ! जे होस्, महत्त्व कपडाको हुन्छ अलिकति सानो-ठूलोको कसले छ्यान-विचार गरिरहन्छ र अचेल । कसैले औंल्याइहाले भने यो सुपर लुज फिट भनिदियो चुपचाप । शृङ्गारपटार गर्न भने मलाई उत्तिको भारत परेन । 'लिपस्टिक युनियन' की कोषाध्यक्ष मेरी काहिँली छँदै थिई । 'अखिल नेपाल पाउडर परिवार' तिर साहिनो परेकी माहिली । अनि के थियो र नक्कलगिरीले खरानी दलेझैं पाउडरैपाउडरले नछोपिए तापनि मुखका चाउरी र चाया लुकाउन मलाई उत्तिसारो गारो परेन । डाक-न-बोलाउको पाहुनालाई भतेरको कार्यक्रम कुन बेला हुने हो के पत्तो ? ठाउँ त ज्वायल होटल थाहा पाइयो । किनभने अलिकति पैसा भए पनि परदेश पुऱ्याउनु अचेल हाम्रो सनातन धर्मै भइसकेको छ । पार्टीजस्तो दिनपरेपछि नेपालीले चलाएका खैराँते होटलमा कसले दिइरहोस् ! अँ, ठाउँ बुझियो, तर टाइमले पो पाऱ्यो त अर्को फसाद ! न बिहानैदेखि गएर पर्खिराख्नु ! अबेला भयो भने आफू जाँदा पार्टी सिद्धिसक्ने हो कि ? मूल फसाद त के भने पार्टी खान गएको दुलहालाई कुनचाहिँ दुलहीले बिरालोको नाकजति चिसो हलुवा कुरेर बसिरहली यो जाडोमा । बरु दोई छाकको बेजो उहीँ पार्नुपर्ला भन्ने अठोट गरेर बेहानको भुजालाई पनि राजीनामा दिँदै निस्कें म त ठाँट्के साथ ।

तैतै, कुनै माननीयज्यूकैं गएर हात मल्न पाए मोटरमै छाँट्टिन पाइन्थ्यो कि ? त्यस्तो मिले त इज्जतको ठाउँमा इज्जत, बचतको ठाउँमा बचत । पालिसदार साइकिल दिनभरलाई दुई रुपियाँले पाउन मुस्किल छ । यही सोचेर सरासर गएं म मन्त्रीज्यूकैं । देशका कस्ताकस्ता समस्याबारे सोधपुछ र सरसल्लाह गरूँ भनेर दर्शन माग्दा त माननीयहरूको दर्शन पाउन १०८ तारिख नध्राई हुँदैन भने मैले अहिले के भेट्न सक्थें । बाहिरी ढोकामा तीस मिनेट, भित्रीमा तीस मिनेट, निजी सचिवसित ४७ मिनेट अलमलिँदा पनि दर्शनसम्म मिलेन । जस्तै टाकटुके भलादमी पनि मन्त्री भएपछि भगवान्का सोह्र कलामध्ये नौ कला त्यसमा पर्छन् र त्यो सानोसानो मोटरेश्वर महादेव नै बन्छ भनी व्यङ्ग्यपुराणमा नक्कली नारदले बताएको कुरा ठीकै हो । मन्त्र भने गुप्त हुने हुनाले मन्त्रीले गुप्त नरहून् पनि कसरी !

अनि म ठाडै खट्टाले कविवर लम्बोदरज्यूकहाँ पुगें । निकैबेर चोक कुरेपछि भ्यालमा एउटी महिला देखिइन् । मेरा विचारमा सायद उनी कविनीज्यू

नै हुन् जस्तो लाग्यो । तर आफूले मुख बाउन नपाउँदै उनले मलाई को, कहाँबाट, कसलाई, किन, कसले पठाएको, के नाम, के लिएर इत्यादि पच्चीस ककारका प्रश्न सोधिहालिन् । मलाई पनि पच्चीस ककारको जबाफ पच्चीसै मकारबाट दिऊँ कि जस्तो लागेको थियो तर ठूलाबडा भनेपछि निहुरमुन्टी 'न' हुने आफ्नो संस्कारले त्यो गर्ने आँट आएन र विनयपूर्वक सबै जबाफ दिएँ । आखिर उनले एकछिन पर्खने आज्ञा दिइन् । म पनि जरसाहेबको चाकरीमा आएको आठपहरियाझैँ ठुटो चुरोट सल्काएर बसेँ पटाङ्गिनीमा । नौ बजेसम्म सुकला हुने कविज्यूको बानी त मलाई थाहा थियो, तर आज विशेष कविता लेखिएछ क्यार भन्ने ठानेर पर्खिरहेँ । एक घण्टापछि 'उहाँलाई आराम छैन रे, के काम हो, भोलि पाल्नोस्' को जबाफ पाएँ । अड्डाखानाको हाकिमी-तारिखले कविज्यूलाई पनि छोपेछ जस्तो लाग्यो र फर्केँ लुत्रे कान लाएर ।

त्यताबाट सरासर ब्युटीफूलप्रसाद लेखकज्यूकहाँ पुगेँ । उहाँको चोकमा पुग्नेबित्तिकै यस्तो रसिलो संवाद कानमा पऱ्यो–

महिला आवाज– त्यही भक्तिनी मैयाँलाई ल्याएर राख्नू के ।

पुरुष आवाज– बाह्र सत्ताइस कुरा नगर् कान्छी; तेरो पनि जेठीकै जस्तो गति होला ।

महिला आवाज– होला के ? हुन्छ नै भन्नोस् न । एकातिर कुमारग्रह उतारेकी जेठी दैलादैलामा कहतारो लिएर खान्छे, अर्कोतिर प्रेमविवाह गरिटोपलेकी मेरो गति यस्तो छ । लेखकसाहेबको पुरुषार्थ भने..... ।

पुरुष आवाज– धेरै चोथाले नबन् कान्छी !

महिला आवाज– आफूले लेखका पोतापाथ्रा सबैमा आगो लगाएर यी दसौटा भन्टचाङभुन्टुङलाई पनि फ्याँकिदिनोस् टुकुचामा लगेर... ।

यति सुन्नासाथ ठूलाबडा घरका लोग्नेस्वास्नीको घरझगडा सुन्नु हुँदैन जस्तो मलाई लाग्यो । जोईपोइको झगडा देवताको पालादेखि चल्दै आएको कुरा हो भन्ने ठानी म ठाडै खुट्टा फर्केँ । आफूलाई अरू थोकभन्दा पनि बाह्र बजिसक्यो, न टी-पार्टी सिद्धिसक्यो कि भन्ने डर लागेर आयो र सरासर पुगेँ उनै नेताकहाँ ।

गजुरेल काजी पहिलेका मामुली च्याङ्ग्रे काजी भए तापनि अहिले ठूलाबडा नेतामै गनिएका । नेता पनि चानचुने पार्टीको हो र ? अखिल नेपाल

जनता जनार्दन परिषद्का पर्मानेन्ट सभापति । ठूलो बिन्द्रालो भएका मान्छे हुनाले उनको पार्टीमा जथाभावी सदस्य पनि थिएनन् । छोरीका जेठाजु महामन्त्री, छोराका जेठान अर्थमन्त्री । कार्यसमितिका सदस्यमा भान्दाइ, साला, साढ्दाज्यू, ज्वाइँ आदि पन्ध्र जना । जे होस्, तीन जनाको त पार्टी खुल्ने ठाउँमा यतिका सदस्य हुनुलाई नेताको चानचुने जनप्रियता त भन्नु हुन्न है । अँ, माथि सिलिप पठाएर तल पर्खिरहने मजस्तै त्यहाँ बाह्र जना थियौं । ठूलाबडा नेताकहाँ आउने-जानेको के लेखो ! यी सबै राजनीतिक शिक्षादीक्षा लिन आएका होलान् भन्ने सम्झेर म पनि चुपचाप पर्खिरहें । धेरैबेरपछि 'नेताज्यू बाहिर' भन्ने सुनियो । अनि आगन्तुकमध्ये कोही 'मेरो दूधको पैसा लिनुथ्यो, धाउँदाधाउँदा दुई महिना भयो' भन्दै हिँडे । कोही 'जग्गा किन्ने सल्लाह गर्न आएको भेट भएन' भन्दै उठे । कोही बिहाका कुरालाई आएका रहेछन् भने कोही जागिरका बारेमा । अरू त फर्के, तर आफूलाई भने डर लाग्दै आयो । न टी-पार्टी अहिल्यै रहेछ र नेता उहीँ गएका हुन् ? जाडै महिना भए पनि निधारमा चिटचिट पसिना चुहाउँदै म पनि लागें बाटातिर । अब कसको साथ लागेर जाऊँ भन्दै थिएँ 'नारी समुद्धारिणीसभा' की नेतृ पेरिसकी पुतलीझैं ठाँट्टिएर रिक्सामा आउँदी रहिछन् । ठूलाबडाको नाताले दुई फिट नुही नमस्कार गरें र अब यिनैसित कुरा फोर्नुपर्‍यो भन्ने सोच्दै थिएँ, ढोग पनि नफर्काएर गुडिन् उनी त । आखिर मैले पनि त उनका कैयौं सेक्रेट काम गरिदिएको थिएँ नि, आज मेरो यत्रो अपमान ! सोच्दै थिएँ दैनिक 'घण्टाघर' का प्रधान सम्पादक भेट भए । भेट्नासाथ उनको लुज ब्रेकको साइकिल समाएर सोधिहालें– "आजको पार्टी कति बजे सम्पादकज्यू ?" उनी एकछिन जिल्लाराम परे र मैलाई सोधे– "के पार्टी हँ ?" पत्रकार भएर पनि समाचार थाहा नपाएकोमा मलाई हाँसो उठ्यो । तैपनि मतलब सोझ्याउँदै कुरो छलेर सोधें– "यस बेला कताको साइकिल रेस हो नि यो ?" उनले अलि लजाएर भने– "अर्थसहायकज्यू ससुराली जाँदै हुनुहुन्छ रे, उहाँलाई पनि उडाइदिऊँ, उहाँकी श्रीमतीज्यूलाई यो पोखराबाट झिकाएको एक धार्नी खुवा पनि पुर्‍याइदिऊँ भनेर एरोड्रमतिर लागेको ।" सम्पादकज्यू नाममा सम्पादकज्यू भए पनि कामका भने व्यवस्थापकज्यू मात्र थिए । कारिन्दाले बुद्धि खियाएर काम गरे हाकिमले जस पाउने चलनजस्तै उनले पनि कम नाम कमाएका थिएनन् । जे भए पनि मसँग जिभ्रो नचपाईकन आफू हिँड्नाको उद्देश्य बताएकोले उनको शिष्टताप्रति मैले पनि कृतज्ञता प्रकट गर्नै पर्‍यो । आखिर एउटा न एउटा ठूलो

हाँगो नसमाए कसरी कम्पोजिटरको चित्त बुझाउनु, कसै न कसैको मखुन्डचाइ नगर्ने यहाँ को छ र ? भन्ने सम्झी उनलाई मैले धेरैबेर अलमल्याइनँ ।

तीन बज्न आँटिसकेकोले म डब्बल मार्च गर्दै पुगें प्रगतिशीलज्यूकहाँ ! रमाकान्त उपाध्याय 'प्रगतिशील' भनेपछि भर नेपालका प्रगतिशील ठिटाठिटीका गुरु न हुन् ! मेरो त आफ्नै पुरेत । मार्क्सवाद र पुरोहितवादको समन्वयात्मक सिद्धान्त बनाई दुवैतर्फ उत्तिकै चाख राख्ने उपाध्याय प्रगतिशीलज्यूकी भूतपूर्व श्रीमती अलि अप्रगतिशील परिछन् र बिचरालाई कत्रो आपत् ! तैतै मजस्तो साथी थिएँ र काटछाँटको साथसाथै साँठगाँठ पनि मिलाइदिएँ । तर यो गुनपट्टि पटक्कै ध्यान नदिई म ढोकाबाट पस्नासाथ प्रगतिशीलनीज्यूले 'उहाँ त हुनुहुन्न' भनिदिइन् । तै प्रगतिशीलनी भएकीले दुई मिनेट पनि नपर्खाएकोमा भने उनलाई धन्यवाद नदिई रहन सकिन्न ।

त्यसपछि अलि अघि बढ्दै थिएँ प्रसिद्ध कथाकार बाँकटेज्यू र राजनीतिबाट पुल्टुङ्बाजी खाएर साहित्यिकमा परिणत भएका कामिनीकान्त काफ्ले दुई जना एउटै रिक्साबाट जाँदा रहेछन् । पेटभरि ढिँडो खान नपाएको मरन्च्याँसे रिक्सावालले एक जोर ठूलाबडा विद्वान्लाई गुडाउन सकेको देख्दा आश्चर्य पनि लाग्यो, हाँसो पनि उठ्यो । तर दुवै थोकलाई चून र सुर्ती चपाएझैँ चपाउँदै डब्बल नमस्ते गरें । कुरो-कन्तो हुन नपाउँदै भर्खर पेरिसबाट आएको फुर्कावाल कारले बेलाइती कुकुरले झैँ कुइँकुइँ गरी झपारिहाल्यो ।

बिहानदेखिको व्रत, धूलाहार खाँदै पाँच बजे होटल ज्वायलको मूल ढोकामा पुगी सुइय्य सुस्केरा हालें । सरासर भित्र पस्न लागेको त कहाँ पाइन्थ्यो ? ढोकेले 'कार्ड साहेब कार्ड' भनिहाल्यो । कतिपल्ट 'सरी' भन्नु ? 'सरी' त के सिरी, सूरी, सेरी केही भन्दा पनि भित्र पस्न पाइएन । आफू गलफती गर्दागर्दै ठूलाबडाको बरियाँत निस्केझैँ मोटर, साइकिल, रिक्सासहित रङ्गीचङ्गी लर्कन निस्किहाल्यो । मैले आफूलाई तीन पटक धिक्कारें । चानचुने मान्छे भएको भए त्यहीँ डाँको छोड्थे होलान् । तर म त ठूलाबडा जिन्दाबाद भन्दै कुदें घरतिर । पार्टी खाएर आएको मान्छे हलुवा खान पनि के जानु, तन्द्रङ्ग पल्टें खाटमा ।

अझै पनि टी-पार्टी भन्ने सुन्दा मुखबाट पानी उम्रन छाडेको छैन । पर्खूँ एक न एक दिन कसो नपाइएला ?

नाम फेर्ने धुनमा

...धनपति मागे भीक, मेरा नाउँ ठीकका ठीक" भनेझैं मलाई पनि एकपल्ट आफ्नो नामदेखि साह्रै जङ्चलेर आयो । आफू देख्दा बकुल्लोजति गोरो छु, तर मान्छे भनिदिन्छन् 'कालू' । सलसलाउँदी युवतीलाई 'छ्याके पुतली' भन्दा कति जाग्लिन् ? अनि म नजागूँ कसरी ! अचेल कसैको नामको पुच्छर काटेर ठुटे गराएका छन्, कसैलाई भने भएको पुच्छरले नपुगी अर्को पुच्छर गाँसेर द्विपुछ्रे हुनुपरेको छ । अझ कोही नाममा भए-नभएको टुपीसमेत गाँसेर ठूलाबडाको झन्डा फहराउँछन् । कोही राख्ने नाउँलाई फार्ने गराउँछन्, कोही फार्नेलाई राख्ने । विष्णुका सहस्र नामजस्तै एउटै मान्छेका सत्रोटा नाम पनि सुन्नुपरेको छ । ००७ सालको राजनीतिक क्रान्तिसँगसँगै जोरिएर आएको यो नाम क्रान्तिले मलाई पनि नउराली छाडेन । म कति दिन 'कालू' को 'कालू' रहने ? राख्ने नामलाई नै फार्ने गराऊँ न त भने झन् नमिल्दो छ 'खडेश्वर' । ठूलाबडाको सामु दुई मिनेट खडा हुनुपर्दा कामज्वरो चढेझैं लगलग पाँसुला काम्ने मेरो नाम 'खडेश्वर' । पहिलो कुरा त के छ भने बाबुदेखि लिएर साहूसम्म सबैको जिभ्रामा झुन्डिएको छ– कालू । प्रख्यात भैंसकेको नाम छाडेर मलाई कल्ले खडेश्वर भन्ने ? भनिहाले पनि नाम बिगारुकलामा सुप्रसिद्ध हाम्रा साथीभाइले खडेश्वरलाई छोट्याएर फकाउनुपरे 'खडु', होइन भने 'खडे' भनिदिन्छन् ।

हाम्रा गाउँका मामा आफ्नो नाम बताउँदा चतुर्भुजप्रसाद उपाध्याय भनी बडो गर्व गरेर भन्छन्, तर उनलाई गाउँघरेहरूले 'चतुरे बाहुन' भनेको पत्तै छैन । हाम्रो ठूल्दाइ मेरो नाउँ त 'काजी गजाधरबहादुर उप्रेती क्षत्री' भनेर गजक्क पर्छन् । बाहिर सुन्ने हो भने उनलाई 'गजेखत्री' सिवाय केही भन्दैनन् । सायद पैसा कमाउन या मान पाउन सकेको भए मेरो नाममा अलि सुधार गरिदिन्थे होलान् कि ? त्यसो भए पनि हद्द भन्लान्– खडुबाबू वा अझ

छोटकरीमा– खड्कार्जी । हुंदाहुंदा मेरो असली नाम 'खड्कार्जी' हुन वेर छैन । अब भन्नुहोस्, म झरों उप्रेती क्षत्रीलाई खड्कार्जी भनिदिए भने नाम त फरक पऱ्यो पऱ्यो, थर, गोत्र पनि बदलिने भयो । अर्को कुरा मेरो राख्ने नाम पेटफाऱ्यो 'ष' बाट उठेको हो कि मोटो 'ख' बाट उठेको हो त्यसमा पनि पुरेतबाजेको र हाम्रा बाजेको मतभेदै छ । त्यसैले राख्ने नाम चल्तीमा ल्याउने त मेरो कुरै छैन ।

अब म आफ्नो नाम के राखूँ ? विष्णुसहस्रनाम, गणेशसहस्रनाम, सूर्यका बाह्र नाम इत्यादि शास्त्रीय नामदेखि लिएर आफूले आजसम्म हेरेका फिल्म, उपन्यास र नाटकका पात्रहरूका सारा नाम म छान्न थालें । इष्टमित्र, साथीभाइ, ठूलाबडा सबैको नाम पनि सम्झन थालें । यतिसम्म कि जरसाहेब, करसाहेब, मैयाँसाहेब, बिबीसाहेब इत्यादि ठूलठूला साहेबसाहेबनीका काखमा पालिने कुकुर, बिरालो, खरायो आदिको नामसमेत मैले आफ्नो सूचीपत्रमा सम्झेसम्म टिपें । साँच्ची भनूँ भने तिनताक मेरो मगजमा नामछनोट समितिको एउटा धूमधामको अफिसै खुल्यो ।

म आफ्नो नाम राख्न चाहन्थें आधुनिक भावपूर्ण र आफूसुहाउँदो । शास्त्रीय नामदेखि पनि मलाई झोक उठिसकेको थियो । पल्ला गाउँको ठूले– जो हप्तामा तीन पटक भेडो काटेर बेच्थ्यो– उसको नाम बुद्धरत्न रे ! यसलाई अहिंसावादी बुद्धको बेइज्जती नभने के भन्ने ? पिंडालुटारका सुब्बा भनेपछि गरिबगुरुवा थर्कमान हुन्थे । दुई मुठा प्याज बेचेको पैसाले दुई हजारसम्म ब्याज लगाउन सक्ने सुब्बाको दयामायाबारे के बयान गर्नु ! तर उनैको नाम थियो दयाराम । छुच्चोमा खोज्न गए तीन सहर नेपाल वर्णाएका हाम्रा जरसाहेबको नाम दानवीर ! हाम्रा बाजेको पालामा जिल्लामा हाकिम भएर घूस खाँदाखाँदा कोक्रामा कुरमुऱ्याएर ल्याइएका तल्ला गाउँका बूढाको नाम धर्मजङ्ग । टाढा किन जानु ! दिनको तीन फेर पेग र पुलाउबेगर नहुने हाम्रै छिमेकीको नाम शिवभक्त ।

यसैले यस्ता स्वभाव नमिल्ने नाम राख्नुभन्दा बेनामी नै बसूँजस्तो मलाई लाग्यो । मेरी श्रीमतीलाई पनि आफ्ना पतिदेवलाई अरूले 'कालू' भनेकोमा खेद लागिरहेकै थियो । त्यसैले उनी पनि मेरो नाउँ-फेर आन्दोलनमा ज्यूज्यानले सहयोग दिइरहिथिन् । एक दिन बेलुका सूचीपत्र पल्टाउँदै भनिन्– "उसो भए हजुरको नाम सुन्दर राख्ने ।" प्रस्ताव मलाई पनि रमाइलै लाग्यो । तर झलक्क सम्झें– आफ्नो नाम त सुन्दर राखुंला तर सुन्दरकी पत्नीलाई

कसैले 'सुन्दर-पत्नी' या 'सुन्दरी' भनिदिएको खण्डमा के अलि बिझाओन ? तैपति सुन्दर नाम सुन्दरै हो । आफ्नो अनुहार पनि त्यति असुन्दर कहां छ र ! जेसुकै होस्, यही राख्नुपर्‍यो भन्ने सम्झँदै थिएँ, हाम्रा नेत्रबहादुर काका टुप्लुक्क आइपुगे । दुइटै आँखा चिम्सा भएका हाम्रा काकालाई अक्षर हेर्नुपर्‍यो भने चस्माभन्दा माथि पनि हातले आँझेल पारेर हेर्नुपर्थ्यो । 'जुन गोरुको सिङ छैन उसको नाम तीखे' भन्ने न्यायअनुसार उनको नाम नेत्रबहादुर रे भन्ने सुन्नासाथ हाम्री दुलही खिल्ल हाँसिन् ।

काका पन्छिएपछि जोईपोइ बसेर फेरि नाम खोज्न थाल्यौं । ठूलाघरे बहिराको नाम कर्णबहादुर । दुइटै हात झरेर देउपाटनको सडकमा पैसा माग्नेको नाम हस्तबहादुर । जन्मैदेखि डेढी मेरी जेठानदिदीको नाम सुलोचना । बिफरले छयाकैछयाका भएकी बिचरी सालीको नाम रूपवती । फूः गर्दा थानकोट काट्ला जस्तो मेरो भाइको नाम बीरबहादुर । देख्दै यमराजको दूत होला जस्तो दाह्रे जिम्दारबाजेको नाम कामदेव रे ! भएन के ! अनि मलाई रूप बुझाउने नाम पनि मन परेन । अरू सबै थोक सुन्दर भएर के गर्नु ? कोदालीपाते तजस्ता आफ्ना दाँतले पोल खुस्काइहाल्छन् भने म कसरी 'सुन्दर' नाम राखूँ ?

मेरी दुलही हरेराम पार्टीकी भूतपूर्व सदस्यी भएकीले हो कि किन हो, फेरि अर्को नाम झिकिन्– "मथुराकुमार राखे कसो होला ?" हुन त हो, ठाउँबाट पनि नाम राख्नु राम्रो हो । मैले आफ्नो अड्डाका हाकिम अयोध्यामान, टाइपिस्ट जमुना आदिको नाम सम्झें । तर यसबाट झन् हाँसो उठ्यो । ठाउँबाटै नाउँ राख्ने हो भने नेपालीहरू आफ्नै स्वदेशी नाम किन राख्दैनन् ? 'म' बाट उठ्नेको नाम मथुराप्रसादको सट्टा मनोहराप्रसाद किन नराख्ने ? चिनियाँमानको सट्टा चिसापानीमान किन नराख्ने ? यस्तै जमुनादेवी, गङ्गाकुमारी, डिल्लीरमण आदिको साटो जाजरकोटेदेवी, गण्डकीकुमारी र दिङ्लारमण राखे के पर्ला ? यस्तो सङ्कुचित विचार नलिऊँ भने हुन्छ, ल, कसैको काहिरामान, कसैको पेकिङराज, कसैको लन्डनकान्त, कसैको पेरिसकुमार, कसैको न्युयोर्कप्रसाद राखौं । के भन्नु ? देउतैको नाम लिऊँ भने पनि नेपालमा 'पशुपतिनाथ' भन्दा 'विश्वनाथ' भन्ने नाउँको चल्ती भएको सम्झँदा मैले आफूहरूको नक्कली संस्कारलाई पाँचपल्ट स्याबासी दिएँ ।

फेरि सूचीपत्र पल्टयो । 'परदेशी', 'पहाडी', 'विकल', 'विप्लव', 'विद्रोह', 'चेतन', 'अज्ञात', 'अजान', 'कञ्चन', 'रोचक', 'रुचिकर', 'अशान्त', 'त्यागी',

'वियोगी', 'विरही', 'कुसुम' इत्यादि आधुनिक पुछ्रे नामहरू आए । आफूलाई पहिले एउटा सिङ्गै नाम चाहिने, त्यसपछि पो चङ्गाको पुच्छरझैं यस्तायस्ता उपनाम झुन्ड्याउन सजिलो हुन्थ्यो त ! सबै केलाएर हेर्दा सिङ्गै हुन पुग्ने कुनै नाम देखिएन । स्वदेशमै बसेर 'परदेशी' कसरी भनिने ? टेरिलिन सुट लगाएर नयाँसडक घुमिरहनुपर्ने । आफूलाई 'पहाडी' भन्ने स्वाङ देखाउन पनि मन लागेन । नेपाल पहाडी प्रदेश भन्ने कसलाई थाहा छैन र म पहाडी हुँ भन्ने विज्ञापन गरिरहनु ? त्यस्तै ठूलाबडाले उखु चुसेझैं चुसिरहँदा चुँक्क बोल्न नसक्नेले विद्रोही, विप्लवी इत्यादि पुच्छर के झुन्ड्याऊँ ? अरूले भने भनोस्, नभने नभनोस् आफूले आफैंलाई रोचक, त्यागी, कञ्चन, कुसुम इत्यादि नाम दिन पनि मपाईंको प्रदर्शन गर्नु हो जस्तो लाग्यो । विकल, विरही, वियोगी, अशान्त इत्यादि जे भने पनि अलि रुन्चे भाव देखाउनु छ भने म आफ्नो पुछ्रे नाम पिन्चे, पिलन्धरे यस्तै कुनै प्रस्ट नेपालीमा राखिदिन्थें ।

जे होस्, धेरैजसो हिन्दुस्तानीहरूबाट नक्कल गरिएका र हिन्दी-संस्कृतबाटै कोसेलीझैं लिइएका यस्ता पुछ्रे नामले मलाई निकै दिन अलमल्याए तापनि यिनैबाट आफ्नो नामकरण गर्न भने अलि चित्त बुझेन । मैले यस्ता नाम राख्नेहरूको खिसी गरेको त नसम्झनुहोला नि ! आफ्नो प्रधान नाम नभएकोले पुछ्रे नाम मात्रै राख्दा 'दौरा न सौराको गोजी' होला भन्ने गन्थन मात्रै गरेको ।

श्रीमतीले अर्को प्रस्ताव राखिन्–

नाम जस्तोसुकै भए पनि इङ्ग्लिस-कट गरिदिए त भलादमीको ठाउँमा भलादमी, आधुनिकको ठाउँमा आधुनिक, कसो ? उपाय सजिलै हो । 'के. एस्. काजी' भनिदियो कालूसिंह काजी पनि खडेश्वर काजी पनि दुवैतिर मिल्छ । राख्ने र फार्नेको इङ्ग्लिस-कट ठ्याक्कै ! अब भने समस्या समाधान भयो भनी फुर्कंदै थिएँ, दिल्ली रोडका बाबूसाहेबलाई झल्याँस्स सम्झियो । उनको नाम थियो टी.बी. सिंह । नाम सुन्दा कतिले उनलाई टी.बी. भएको हो कि भन्ने शङ्का पनि गर्थे । ताराबहादुरलाई इङ्ग्लिस-कट गराउँदा त्यो आपत् पऱ्यो । त्यसले उनका दाजु टीकाचन्द्रचाहिँ आफ्नो नाम कसैले इङ्ग्लिस-कट पारेर मारिदेला भनी सधैं थर्कमान रहन्थे । जे होस्, मलाई यस्तो आपत्ति त केही थिएन, 'के.एस्. काजी' नाम जमेकै हो । तर के गर्नु र, नेपाले खस्रो जिभ्राले बेलाइते उच्चारण गर्नुपर्दा के.एस्. काजीलाई बिगारेर केशकाजी, क्यासकाजी, क्याँसकाजी गर्दागर्दै आफू मरेपछि छोरानातिले 'ग्याँसकाजीस्तृप्यन्ताम्' गरिदिन के बेर ? फेरि कुल्लीसिंह र खन्ती साहूको

इङ्ग्लिस-कट पनि त के.एस. नै हुन्छ नि ! त्यसैले इङ्ग्लिस-कट नाम झन् खतरनाक लाग्यो ।

एक महिनाको परिश्रममा मैले कुनै पनि नाम मन नपराएपछि मेरी श्रीमती पनि खूबै झोक्किन् र भनिन्– "अब तपाईंलाई सुहाउने नाम त एउटै बाँकी छ 'लिँडो' ।" हुन पनि जस्तो नाम ल्याए पनि मन नपर्ने मंलाई मेरी दुलहीले के नाम राखिदिऊन् त ! मैले उनलाई स्याबासीको धाप दिँदै भनें– "बल्ल ल्यायौ आफूसुहाउने नाम ।" त्यहाँदेखि मेरो नाम रह्यो– 'लिँडे कालू' ।

लबस्तराको ओखती

झेल-झगडा र झन्झट-झमेलाको कारणमा कोही हातहतियारलाई दोष दिन्छन्, कोही भात-भतियारलाई । कोही साँध-सँधियारलाई गाली गर्छन्, कोही ऐन-इस्तिहारलाई । कोही समाज-नमाज र पुरान-कुरानलाई धारे हात लाउँछन्, कोही भने धन र जहान भाग्य र भगवान्‌लाई । तर दिन दुना रात चौगुनाका हिसाबले भदौका भटमासबारीमा झुसिल्कीरा बढेझैँ विश्वमा झुल्सिँदैझुल्सिँदै गएका झेल-झगडा र झन्झट-झमेलाको टुपी कारणचाहिँ के हो कसैलाई पत्तो छैन । हुन त मेरो कुरालाई चुरोटको पूजा उडाएझैँ फुस्स उडाइदिनुहोला पाइँहरू । तर तस्मा म किरिया खाएर भन्छु– यी सबको कारण एउटा रोग छ । अचम्मको रोग– टी.बी. र क्यान्सरजस्तो मामुली रोग होइन । 'घटघटवासी हे अविनाशी' भनी पुकारिने भगवान्‌जस्तो सबैका घटघटमा व्यापक एउटै रोग, जसलाई आजसम्मन् न एलोप्याथीले खुट्याउन सक्यो न होमियोप्याथीले, न वैद्यका प्याडपाथीले झार्न सके न धामी-झाँक्रीका मानुपाथीले । साँच्ची नै, यस फेटका धन्वन्तरि बूढादेखि लिएर उस फेटमा नाङ्लाजत्रा हेडकभर लाउने बडेबडे वैज्ञानिकको गिदीमा समेत घुस्न नसकेको यो सङ्क्रामक रोग के हो त ?

झर्रो नेपालीमा यसलाई कुन्नि के भन्छन् मलाई थाहा छैन । तर टर्रो नेपालीमा भने यस रोगको नाम छ– तबस्तऱ्याइँ । यो न आयु घटाउने रोग हो, न वायु बढाउने । न पाउ सुन्याउने रोग हो, न घाउ लगाउने । अचम्म त के छ भने लबस्तऱ्याइँको रोगले रोगीको केही खती हुन्न, हद भए नाम जाला । तर रोगीसित सङ्गत गर्नेजति सबैलाई यसले सताउँछ । चरक सुश्रूतहरूले जानेको भए यसको लक्षण यसरी बताउँथे होलान्–

"लाजं नास्ति, घिनं नास्ति, नास्ति नैतिकता अपि
कामे एकं, मुखे एकं लबस्तऱ्याइँति स्मृतम् ।

यो भलाद्मी शिक्षितश्च धनवान् यश्च शक्तिवान्
ते सर्वे पीडिताः सन्ति लबस्तऱ्याइँणा सदा ।"

हुन पनि समाजका सभ्य, शिक्षित, शिष्ट, सुशील, सम्पन्न, सामन्त, सरदार, साहू, साधु, सरकारी, सरोकारी, साहेब, सर, श्रीमान्‌जी यी वर्गमा जति लबस्तऱ्याइँले सताएको हुन्छ त्यति गरिब, गुरुवा, गाउँले, गँवार, गाइने, गैमडू इत्यादि सबैले हेपेको वर्गमा हुँदैन । तर अपसोच त यहाँ यही छ– लबस्तऱ्याइँ लाग्छ धनीमा, दुःख पाउने हुन्छ गरिब, लबस्तऱ्याइँ लाग्छ बलियामा, दुःख पाउँछन् निर्धाहरू ।

अस्ति भर्खरको कुरा हो, हामी दुई-तीन जना साथी सर्वोत्तम रेस्टुराँमा चिया खान गएका थियौँ । ढोकाबाट पस्नेबित्तिकै देखियो, त्यहाँ एउटै सिट खाली रहेनछ । मेचमेचमा टनाटन बसेर दनादन खाजा खाइरहेका सज्जन-सज्जनीहरूलाई देख्दा मलाई लाग्यो– नेपाललाई पुगीसरी आउँदो रूपमा हेर्न रहर लाग्यो भने होटल, बार र सिनेमालय गए हुन्छ । जतातते हाउसफूल, कतै ह्वाइट हर्सको सुवास, कतै चाउचाउको बास, कतै पुतलीहरूसँगको सहवास । यति भएर पनि हाम्रो नेपाललाई गरिब, असभ्य भनेर कोही नाक खुम्च्याउँछन् भने तिनको दिमागको औषधि गर्न पारसको बारमा लगेर सारसको सुरुवा ख्वाइदिनुपर्छ ।

अँ, बल्लबल्ल हामी पनि खान बस्यौँ, आफ्नो पैन्ट, टाईको इज्जत राख्न भ्याउने गरी खाएर आखिर सभ्यताबमोजिम चुरोटको सर्कोसितको चियाको तुर्को लिन थाल्यौँ । त्यसै बीच हाम्रा एक साथीले अन्तर्राष्ट्रिय कुरा झिके– "त्यही अमेरिका एकातिर हातहतियारमाथि प्रतिबन्ध लगाउनुपर्छ भनेर न्वारनदेखिको बल झिकीझिकी चिच्च्याउँदै छ, त्यही अमेरिका अर्कोतिर परीक्षण गरेको भनी दिनको दुई पटक बम पड्काउँदै छ, अब यो लबस्तऱ्याइँको ओखती के ?" उनको कुरोको चुरो मार्ने गरी अर्कोले भन्यो– "अरूलाई भूसजति नगन्ने तिम्रा रूस मामाको झूस उम्रेको लबस्तऱ्याइँ कसले देखोस् नि ! एउटा मामुली कारिन्दाले अनुशासन भङ्ग गऱ्यो भने यमपुरी-रेलवेको टिकट काट्नुपर्छ, तर उहींका सन्त महाराज दुनियांको बडा पञ्चायतमा गएर जुत्ता फुकालेर टेबिल ठटाउँछन् ।" अर्को साथीले उनीहरूको चर्को कुरालाई काट्तै भने– "दुनियाँमा आज सबभन्दा बलिया नै लबस्तऱ्याइँका रोगी छन् । मुखले भन्छन् शान्ति, कामले पड्काउँछन् बम । यदि यी र यिनका पुच्छरहरूलाई लबस्तऱ्याइँ नलाग्दो हो त बर्लिन, कङ्गो, अल्जेरिया, लाओस इत्यादि ठाउँमा

रगतको मूल फुट्दैनथ्यो, बुझ्यौ ?" उनका कुरामा म पच्चीसै आना सहमत भएँ र उठ्ने प्रस्ताव गरें ।

हामी सबैको अगाडि तीन रुपियाँको बिल लिएर केटो खडा थियो । इमानसिंह सुप चपाउँदै अघि लागिहाले, धर्मदास चुरोट सल्काउने निहुँले निहुरेको ठ्याम्मै चार मिनेटको समय र चौधोटा सलाई खतम पारिसके मुन्टो उठाउने होइनन् । आफूसित थियो एक सुकी मात्र । पाँच मिनेटको अलमलपछि मैले भन्नै पऱ्यो– "मसित पैसा छैन" भनेर । उनले पनि अङ्ग्रेजीमा उही कुरा दोहोऱ्याए । कत्रो आपत् ! तै केटोसित उनले सानोसानो मित्रता गरेर मात्र, नत्र. । बाहिर निस्केपछि मैले बिस्तारै भनें– "हेर यत्रो हाउसमा सम्मिलित भलादमीहरूको लबस्तऱ्याइँ ?" मेरो साथी भने होटल ब्वाइलाई फस्ल्याङफुस्लुङ पार्न सकिएको कुरामा मक्ख पर्दै गए । भलै, हाम्रो लबस्तऱ्याइँ रूस र अमेरिकाको जस्तो नहोस्, आखिर लबस्तऱ्याइँ हुँदै होइन भनेर डब्बल लबस्तऱ्याइँ व्यर्थै किन देखाउनु ?

भोलिपल्टदेखि त्यस होटलमा खुट्टै नहाल्ने सुर थियो, तर... । एक पटक चोरीमा पटके लागिसकेको चोरलाई फेरि चोरको बात लाग्ला भन्ने केको डर ! लबस्तऱ्याइँको श्रीगणेश एक पटक भइसकेपछि ऊ जीवनभर लबस्तरो हुन लाज मान्दैन भन्ने कुरा मलाई त्यतिखेर पक्का लाग्यो, जब उही होटलमा उही केटोसित पर्सिपल्टै आमलेट माग्न पुग्नुपऱ्यो ।

यस्ता लबस्तराहरू हामी फोर्थ क्लासका भलादमीहरूमध्ये सबै नै छन् भनिदिए बात लागोइन । कसैलाई पुस्तकालयबाट लगेका पुस्तक फर्काउन बिर्सने बानी लागेको हुन्छ, कसैलाई उधारो खाएको पैसा तिर्न बिर्सने बानी । कसैलाई 'साथीको माल खल्तीमा हाल' भन्ने बानी बसेको हुन्छ त कसैलाई 'सरकारी धन आफ्नै भन' भन्ने बानी । कोही 'एक पटकको घच्चा, प्यार भयो सच्चा' भन्ने विश्वासका हुन्छन् भने कोही फुटपाथमा उभिएर 'दिलका पर्दा खोलदो' भन्ने गीतमा मग्न हुने हुन्छन् । लबस्तऱ्याइँको प्रथम स्तर (फस्ट स्टेज) यहींदेखि सुरु हुन्छ र टी.बी.को विकास भएझैं क्रमिक गतिले स्टेज चढ्दै जान्छ । फरक यत्ति हो कि टी.बी मा रगत सुक्तै जान्छ, लबस्तऱ्याइँमा लाज फुक्तै जान्छ ।

लबस्तऱ्याइँको दोस्रो स्तरको चर्चा गर्न लाग्दा मलाई भ्वाट्ट उनै त्रिकाली ब्रह्मचारीको सम्झना हुन्छ । उनको दुर्वासाको जस्तो दाढी, अगस्तिको जस्तो त्रिपुण्ड्रक, वामनको जस्तो धोती, अनि कामदेवको जस्तो आँखा देख्ता

उनलाई आधुनिक ऋषि नै भनिदिए हुन्थ्यो । झन् बिहानभरको पाठपूजा, एक छाक भुजा र तीन तालिको नुहाइधुवाइको नित्यकर्म सुन्दा उनीलाई नढोग्ने कोही थिएन । त्यसैले बृहत्सभामा पनि उनी सभासद् हुन पुगेका थिए । पोहोरका वर्ष एक दिन सभामा ब्रह्मचर्यबारे उनको गम्भीर भाषण चल्दै थियो, अकस्मात् एउटी अधबैंसे महिला कताकताबाट भगवती प्रकट भएझैं प्रकट भइन् र ब्रह्मचारी महाराजको साँढेको पुच्छरजत्रो टुपीमा समातिन् । "तिमीलाई लबस्तरा बाहुन ! मलाई त मार्‍यौ मार्‍यौ, यो प्यूसालाई पनि मार्छौ ?" भन्दै महिलाले आफ्नो पिठ्यूँको बालक ब्रह्मचारी महाराजको माइक राखेको टेबिलमा सुताइदिइन् । सबै सभासद्हरू मुखामुख गर्न थाले । प्रवचन भोलिसम्मको लागि स्थगित भयो । त्यसपछि हामीजस्ता लुखुरे श्रोता सारालाई पुलिसदाइले लघारिहाल्यो, कहाँ केके भो पत्तै भएन । भोलिपल्ट आफू जाँदा त ब्रह्मचारीजी झन् जोडतोडका साथ ब्रह्मचर्यको व्याख्या गरिरहेका रहेछन् । यसबाट प्रस्ट हुन्छ जब लबस्तर्‍याइँ दोस्रो स्टेजमा पुग्छ, तब भलादमीको व्यक्तित्व दुइटा हुन्छ– एउटा राख्ने, एउटा फार्ने ।

बडेबडे जुँघावाल सुब्बा, सरदार, सेक्रेटरीहरू आफूभन्दा मुनिका बहिदार, मुखियालाई एउटा चुरोट खाएको देखे भ्रष्टाचार लगाइदिन्छन्, आफू सित्तैं पाए भने तीन पाथी चूक अमिलो पनि तन्काउन बेर लाउन्नन् । कर्मचारीको कर्तव्यबारे बोल्नुपर्‍यो भने स्वामी विवेकानन्दलाई बिर्साएर सत्य र सादगीको व्याख्या गर्छन् तर ऐनको एउटै दफालाई मुख हेरेर अर्थ लगाउने यस्ता महानुभावहरूलाई मुखले के भन्दै छु, कामले के गर्दै छु भन्ने कुराको पत्तै हुँदैन । धोक्रो ओसार्दाओसार्दा बाँसको बोक्राको कोक्रामा कुरमुरिँदा पनि यस्तालाई एक चखन्ची लाज लाग्दैन भनी मलाई यस्तैमध्येका एक जना स्वर्गीय सुब्बाले बताएका थिए । यिनका अतिरिक्त दोस्रो स्टेजका लबस्तराहरू मैले छ्यासछ्यासती नै देखेको छु । एक जना प्रोफेसर रातभर खेलबाडमा मग्न हुन्छन्, बिहान स्वास्नी ठटाउन घर आइपुग्छन् । दाउ हेरी भाउ गर्ने साहू-महाजनको त कुरै छाडूँ, उनका एक-एक कुरामा र काममा लबस्तर्‍याइँका कीटाणुहरू कोदोको जाँडमा परेका कीराजस्तै ठसठसी गह्नाएर चलमलाइरहेका हुन् कि भन्ने जस्तो लाग्छ ।

अँ, जब लबस्तर्‍याइँले दोस्रो स्टेज पनि पार गर्छ, तब रोगीमा लाजको लेसै हुँदैन । एउटै व्यक्तिका बाह्र रूप हुन्छन् । अहिले कालोबजार गर्दै रहेको

मान्छे एकछिनपछि भाषण छाँटिरहेको हुन्छ । उही एकछिनपछि साम्यवादको गुरु हुँ कि भनेझैँ आर्थिक समानताको उपदेश दिन्छ । उसैलाई घरमा हेर्न जानू, 'म जमिनदार हुँ बुझिस्' भनी रैतीको टाउकोमा नोल बजारिरहेको देखिन्छ । बोलेको बिर्सने बानी त छँदै छ । हामी कुनै नेतालाई नै लिऊँ, आफ्नो अगाडि 'माननीय' नलागुन्जेल उनीहरू यति गुड्डी हाँक्छन्, मानौं यिनले काम गर्न पाए त माटोलाई मह गराइदिन्थे, ढुङ्गोलाई सुन । तर जब माननीयको पदले विभूषित हुन्छन्, तब दाउरा बाल्न पाइएन भनेर कराउँदा 'रूख रोप्नुपर्छ' भन्ने जवाफ पाइन्छ । आज फाटेको पतलुङ लाएर केरुङको भन्ज्याङतिर भेडा-च्याङ्ग्रा ब्ल्याकमार्केट गर्न जाने मान्छे कुनै त्यस्तै माननीयको शब्द गाँस्न पायो भने भोलिपल्टदेखि आफ्नो मुखमा ७७ हातको सुँड गाँसिएको हो कि भनेझैँ गजधम्म भई फुल्छ । सिद्धान्त र नैतिकता भन्ने कुरा उसको निम्ति गहतको झोलको पूजाजति पनि मूल्यवान् हुँदैनन् । लबस्तऱ्याइँको प्रकोपले गर्दा उसलाई भर्खर के बोलेको थिएँ भन्ने यादै रहँदैन । 'तपाईंले यसो गरिदिन्छु भन्नुभएको थियो नि त' भनेर सम्झायो भने 'मैले कहाँ भनेको थिएँ र' भनी सके न्यायालयमा नालिस दिन जालान् ।

एवंक्रमले विकसित हुँदाहुँदै लबस्तऱ्याइँ जब चौथो स्टेजमा पुग्छ, मानिस मानिस नरहेर पशु बन्दछ । उसका सारा क्रियाकलाप मानवतादेखि बाहिर पुग्छन् । मुखमा सबैको हुन्छ– सत्यता, समता, सहअस्तित्व, सहयोग, सद्भावना, सहकारिता, तर काममा पच्चीसै आना ठीक त्यसको विपरीत सबैमा हुन्छ– जुधाजुध, रिसारिस, हानाहान, मिचामिच, थिचाथिच, किचाकिच, झुटाझूट, चुटाचुट ।

आजको सभ्यताको चरम चुलीमा पुगेको दुनियाँमा हेर्नोस् जतातत्तै यस्तै छ । मै हुँ भन्ने महान्महान् भुँडे र टाउके शक्तिको तन, मन, धन जम्मैमा लबस्तऱ्याइँका कीटाणुहरू थुप्रेका छन् । कसैले कसैलाई पुच्छर बनाएका छन्, कसैले कसैलाई सिङ । मान्छेका बुद्धि र सीप, सभ्यता र विकास सारा कुरा केवल झेल-झगडा र झन्झट-झमेलाको अभिवृद्धि गर्नमा मात्रै उपयोग हुन पुगेका छन् । करवीर मसानमा जस्तै आजको दुनियाँमा कतै क्याँक्याँ रुवाबासी छ, कतै भ्याँभ्याँ बाजा बजेको छ । कति ङचाउङचाउ गरेर शान्ति मार्दै छन्, कति ढचाम्ढचाम् गरेर बम पड्काइदिन्छन् ।

ल भन्नोस्, अब झेल-झगडा र झन्झट-झमेलाको कारण लबस्तऱ्याइँ नभए के हो ? मैले माथि नै भनिहालें नि, म किरिया खाएर भन्न सक्छु– यी

सबैको कारण लबस्तऱ्याइँको रोग हो । आज दुनियाँमा जति छन् सब लबस्तरा छन् । समस्या छ एउटै– यसको ओखती छैन । सबको ओखती छ, लबस्तराको ओखती छैन । त्यसकारण आज निरस्त्रीकरण सम्मेलन गर्नुभन्दा पहिले लबस्तऱ्याइँ उन्मूलन सम्मेलन गर्नुपरेको छ । अन्तरिक्षको अन्वेषण गर्नुभन्दा पहिले लबस्तराको ओखतीको अन्वेषण गर्नुपरेको छ । त्यसैले सम्पूर्ण अणुशक्ति, सम्पूर्ण धनशक्ति र जनशक्तिलाई लबस्तराको ओखती पत्ता लगाउने काममा उपयोग गर्नु बीसौँ शताब्दीको जेठो माग हो भन्ने विचार छ । तपाईं आफू लबस्तरो हुनुहुन्न भने भन्नोस् तपाईंलाई कस्तो लाग्छ ?

बाबूसाहेबको लभ

'लभ' माने प्रेम, 'लभर' माने प्रेमी ।

ठूलो् वर्णमालाका कपुरी 'क' देखि नाकथोप्ली 'ङ' सम्म नखारिसक्तै अङ्ग्रेजीका यी दुई शब्द मलाई कण्ठाग्र आउँथे । नआऊन् पनि कसरी ? सुरुवाल लाउन जान्नुभन्दा पहिले लभ गर्न जान्ने प्रतिभाशाली केटाहरूमध्ये म पनि एक हुँ । तपाईंहरूलाई थाहै होला, धर्म गर्ने मान्छेले धर्मशास्त्रका दुई-चारओटा शब्द जस्तै भए पनि कण्ठ पारेकै हुन्छ भने लभ गर्ने मान्छेलाई लभशास्त्रको अलिअलि शब्द कण्ठ हुनु कुन नौलो कुरा भयो र ?

अहिले पुङमाङकाजी भइयो र पो, आखिर दरसन्तान त म जरसाहेबकै हुँ । उस बेलाका जरसाहेबहरूको सानसौकत कसले बयान गरिदेओस् ? आमाले पेट बोकेदेखि 'रानीसाहेबले बाबूसाहेब पाइस्सिन्छ कि मैयाँसाहेब पाइस्सिन्छ' भन्ने दरबारभरि चर्चाको विषय हुन्थ्यो तैपनि बहुमत बाबूसाहेबकै पक्षमा जान्थ्यो । किनभने बाबूसाहेब जन्मिस्यो भने छैटीको दिन भावीले भाग्य लेख्न नपाउँदै जरसाहेबको दर्जा पाइस्सिन्थ्यो । यसैले म पनि आमाको पेटैमा बाबूसाहेब भएर जन्मेको हुँ । त्यसकारण मैले मुआँको दूध खान हुँदैनथ्यो– खाए इज्जत जान्थ्यो । हामीले दूध खान 'धाईआमा' रहन्थे । दूध खुवाउने दुःखले 'धाईआमा' रहेजस्तै पाउने दुःखले धेरै इज्जतदारले 'पाईआमा' पनि राख्थे– त्यो झन् महाइज्जतको कुरा थियो ।

अँ, मैले यहाँ साउती गर्न खोजेको कुरा के भने मलाई दूध चुसाउने धाईआमा नै दरबारभरि लभशास्त्र सिकाउने गुरुमा थिइन् । पहिले उनले मेरै बुबालाई आफैँ प्रेमिका भएर लभ गर्न सिकाएकी रे । त्यसपछि उनलाई लभ गर्नेमा हाम्रा कान्छा बुबा, कान्छा बुबापछि ठूल्दाज्यू, ठूल्दाज्यूपछि पूजाकोठेबाजे, त्यसपछि बैठके माइलो, त्यसपछि मोतीलाल द्वारे र आखिरमा भोटुचा डोले । उनैको सिको गरेर हाम्री दिज्यू पनि पर्सादी पण्डितसित लभ गरिस्सिन्थ्यो ।

रातारात गाला भएको पुड्कोपुड्को १८-१९ को पर्सादी पण्डित जब बिहान-बिहान पशुपति र गुह्यंकालीको जल-प्रसाद बाँड्दै आउँथ्यो हाम्री दिज्यू मसक्क मस्केर पर्साद लाइस्सिन्थ्यो र करक्क आँखा घुमाएर पण्डितको देउरे हातमा एउटा तिनन्नी थमाइदिस्सिन्थ्यो । सातहाते लिप्टो धोतीले छोप्न नभ्याएका खस्रा तिघ्रालाई औंल्याउँदै कहिले मसंग सुटुक्क भनिस्सिन्थ्यो– "हेर पण्डितजीका तिघ्रा !"

हाम्री दिज्यूले धेरै नपढेर के गर्नु ! 'मदनलहरी', 'बयासी गजल', 'सूक्तिसिन्धु' र 'मैतालु छोरीको कथा' उहाँलाई कण्ठस्थै थियो । त्यसैले लभका कुरा गर्न त कसले सक्थ्यो र ? तर बिचरो पर्सादी पण्डित अक्क न बक्क ! आज आयो 'ननन' गऱ्यो पर्साद लायो गयो, भोलि आयो 'ममम' गऱ्यो, पर्साद टक्र्यायो गयो । दिज्यूले जतिसुकै नक्कल-झक्कल र अक्कल गरे पनि ऊ मुन्टो उठाउन सक्ने होइन । केही गर्दा पनि पर्सादी पण्डितलाई पगाल्न नसकेपछि हाम्री दिज्यूले लभ गर्न थालिस्सेको थियो– पानीपाँडेसँग । हुन त उसको पूरा नाम मार्कण्डेयबहादुर पाण्डे छेत्री हो रे ! तर खलङ्गामा पानी ओसार्ने काम गर्ने हुँदा उसलाई सबै भन्थे– पानीपाँडे । उसको अर्को गुण थियो झारफुक गर्ने । कसैलाई बौसी झार्नुपऱ्यो, कसैलाई उल्टा ख्वाउनुपऱ्यो, कसैलाई देवता पन्छाउनुपऱ्यो इत्यादि सारा कुरामा निमन्त्रित हुन्थ्यो उही पानीपाँडे । त्यसैले पानीपाँडेसित लभ परेको ताका हाम्री दिज्यूलाई पनि अकस्मात् छोप्ने व्यथा लाग्थ्यो । हेर्दाहेर्दै तन्द्रङ्ग लडिस्सिन्थ्यो र इन्तु न चिन्तु जस्तो देखिस्सिन्थ्यो । अनि पाँडेलाई नबोलाई सुखै थिएन । जब पाँडे आएर गाला मुसारिदिन्थ्यो अनि पिलिक्क आँखा पल्टाएर दिज्यू मर्जी हुन्थ्यो– 'पानी' । धेरै बयान यहाँ किन गरिरहनु हगि ? लहरो तान्दा पहरो गर्जेला भन्ने डर !

अब तपाईं नै भन्नोस्, यो वातावरणमा हुर्केको म एउटा सद्दे लोग्ने केटोको दिलमा लभको धोको के सानु थियो होला त ? तर के गर्नु ? लभ गर्न पनि पूर्वजन्मको कमाइ नभई नहुने रहेछ । जुन बेलासम्म जरसाहेबी थियो, त्यस बेलासम्म आफू थिइयो गान्टेमूलाजत्रो छौंडो, खालि कहिले दिज्यूका चिठी भिनाज्यूकहाँ लगिदियो, कहिले दाज्यूको चिठी भाउज्यूकहाँ, आफूलाई पत्याउने कसले र ? जब कुरकुरे बैंसले छोलाछोला जस्तो भएथ्यो, सानसौकत, रोबरवाफ इतिश्री ।

००७ सालपछि राजनीतिक अधिकार मात्र खुलेको होइन, लभ गर्ने अधिकार पनि सर्वत्र खुल्यो । त्यसमाथि बराबर बढ्दै गइरहेका सिनेमाभवनहरूले

ठिटाठिटीहरूमा लभको प्रयोगात्मक तालिम दिन थाले । दरबारिया होस् कि घरबारिया, केटाकेटी पुतली खेल्दासमेत लभगराइ खेल्न थाले भने दुनियाँ नै लभमय भएन त ?

व्यारे, दुनियाँ नै लभमय भन्नचाहिँ सकिँदैन, किनभने यही दुनियाँको एउटा बाबुसाहेबले अझै लभर पाइसकेको थिएन । कुरा बुझ्नुभयो कि भएन कुन्नि ?

जरसाहेबबाट एक्कासि जनतामा परिणत भएपछि हामीले डेरा लिएका थियौँ– सागबजारमा । खालि रायोको साग बेच्ने आइमाईदेखि कोही थिएन वरिपरि । तिनैमध्येकी एउटी लुरीचा भन्ने दिदी बिहान-बेलुकै हामीकहाँ रायोको साग लिएर आइपुग्थिन् । पहिले त मेरो बाबूसाहेबी आँखाले त्यतापट्टि वास्तै गरेन, अलिक दिनपछिदेखि भने लाग्न थाल्यो– 'नहुनु मामाभन्दा कानो मामा निको ।' यसो भन्दा उनी कानी थिइन् कि ? भन्ने शङ्का गर्नुहोला, आँखा त साबुतै देख्थिन्, बरु कानचाहिँ अलि बाक्लै रहेछन् क्यारे ! मैले 'दिल देके देखो, दिल देके देखो' भनेर चिच्च्याउँदा पनि 'छु धाय, छु धाय' भनेर हिँडिदिन्थिन् । उनको कानमा गएर 'म तिमीलाई लभ गर्छु' भनी प्रस्टै भन्न कहिल्यै हिम्मत आएन । जब भनूँ भन्यो, मुटु ढुकढुक गर्थ्यो, खुट्टा लगलग, मानौँ फिल्मी याक्ट्रेससँग बोल्न लागेजस्तो । बल्लबल्ल एक साँझ, जिजुबाजे जङ्गबहादुरदेखिको आँट बटुलेर मैले उनलाई बाटो छेकिदिएको त डाँको छोडेर घर थर्कुन्जेल कराइदिइन्– 'या माँ ! बाबूसाहेबया जीत... ।' अब भएन के ? वल्लाघर पल्लाघर सारा जम्मा भएर 'के हँ ?' भन्न थालिहाले । टुँडिखेलमा साँढेले गाईलाई लखेटचो भने त एक जन्ती भद्रभद्रिकाहरू तमासे हुन्छन् भने त्यहाँ त के चाहियो । तर मान्छे म ठूलो घरानको थिएँ र मात्रै, नत्र बेइज्जतै हुने ।

त्यसपछि धेरै दिनसम्म मैले कसैसित पनि लभ गर्न सकिनँ । 'अगुल्टोले हान्दा विच्केको कुकुर बिजुली चम्किँदा पनि तर्सन्छ' भनेझैँ जुनसुकै आइमाई देखे पनि त्यस्तै हुन्छ कि भन्ने शङ्काले मलाई सताउन थाल्यो । निकै दिन त म सन्त महाराज नै भएँ भनिदिए हुन्छ । तर बालककालदेखि भरिएको लभको तिर्सना किन मर्थ्यो र ? जहिले पनि तुलबुलतुलबुल लागिरहने । सबै लभका गफ लडाउँछन्, आफ्नो भने छैन । कति दिन भित्ताको क्यालेन्डरमा भएकी युवतीलाई हेरी बसेँ । कति पटक हुँदै नभएकीलाई चिठी लेखेँ । उमले आफूलाई लेख्ने भाकामा पनि कैयौँ चिठी लेखेर साथीभाइलाई देखाएँ ।

हुन त मलाई थाहा थियो स्कुलकलेजतिर गए त अचेल लभ गर्न पाइहालिन्छ नि ! तर फसाद के भने स्कुलकलेज गएपछि अलिअलि पढ्न त परिहाल्यो । पढ्न भनेपछि आफूलाई स्वास्नीको किरिया बसेजत्तिकै गाह्रो लाग्ने । लभको लालसाले गर्दा पढाइको झन्झटमा झेलियो भने मह खान गएको माखोजस्तै हुन के बेर ? त्यसैले स्कुलकलेज जाने आँट पनि आएन । एक विचार थियो, स्कुलमा विद्यार्थी नै भएर जानुपर्ने के छ र ? जागिर खाएर गए पनि त हुन्छ नि, तर जागिर पो केमा खाने नि ! मास्टर, प्रोफेसर आफूलाई दिदैनन्, पाले हुँ भने आफू जरसाहेबको दरसन्तान ! त्यसैले यो विचार पनि उत्तिखेरै तुहियो ।

तपाईंलाई थाहै छ, म त्यतिखेर साताका सातै पटकसम्म सिनेमा हेर्ने गर्थें । पहिलेपहिले त खालि हेरिन्थ्यो मात्र, तर जति पछिपछि हुँदै गयो उतिउति सिनेमाभित्रको मर्म दिमागमा चढ्दै आयो र आफूलाई पनि एउटा सिनेमाको पात्रजस्तै बनाउने धोको बढ्न थाल्यो । तर मूल फसाद त उही थियो– पात्री पाउने कहाँ ?

म पनि जुक्तिबुद्धि त जान्ने हुँ । जे भए पनि प्रजातन्त्र नेपालको राजधानीमा हुर्केको भूतपूर्व बाबूसाहेब । सिनेमा हेर्न जाँदा पहिले नै टिकटघरमा एक-दुई घण्टा पर्खेर हेरिरहन थालें । जब कुनै महिला त्यसमा पनि पाएसम्म एक्ली नक्कलीचाहिँ महिलाले आफ्नो आधुनिक ब्यागबाट रुपियाँ निकालेर टिकट लिन्थिन्, म पनि त्यही श्रेणी र त्यही लङमा उनको भन्दा पछिल्लो नम्बरको टिकट हत्तपत्त किनिहाल्थें । आफूले कस्तो चातुर्यपूर्ण डिप्लोमेसी चलाएँ भन्ने मेरो फुक्याइँ त्यतिखेर गएर पानी बन्थ्यो, जब ती महिला भित्र पुगेपछि ठाउँ साटेर बसिदिन्थिन् र आफूनिर कि कुनै बडेमानको थाक्से थेच्चिन आइपुग्थ्यो, कि कुनै आफूजस्तै म्यास्कुलिन जेन्डर ! अनि फतक्क मेरो हिम्मत गल्थ्यो, रनक्क रिस उठ्थ्यो । तीन घण्टा सँगै बस्न पाए कसो आकर्षित गर्न नसकुँला भन्ने मेरो आत्मविश्वास थियो । तर एक दिन सँगै परेकी एउटी कँठिनी अधबैंसेले पनि हिँड्ने बेलामा सारीको सप्कोले हानेर 'हिसी नपरेको मोरो' भन्दै निस्किदिई अब भएन के ?

बुबा-मुआँले बिहा गरिदिने अठोट नगरिबक्सेको त होइन । तर मलाई लाग्यो अचेलको युगमा पनि टिनिपुटीभ्याइँ गरेर चिन्नु न जान्नुकी केटीको लगनगाँठो कसले समातोस् ! फेरि जात मिल्नुपर्‍यो, भात मिल्नुपर्‍यो, घरान-घुरान सबै मिल्नुपर्‍यो । त्यसैले मैले त प्रस्ट भनिदिएको थिएँ– मेरो बिहासियाको

कुरो गर्नु पर्दैन, म ब्रह्मचारी बस्छु ब्रह्मचारी ! मुमा मर्जी हुन्थ्यो– "भ्यालमा बसेर सत्रोटीसँग आँखा जुधाउँछ स्याल !" तर गाईखाने भए, सत्रोटीसँग मैले आँखा जुधाएको थिइनँ । तपाईंलाई भन्न केको लाज, एकपल्ट एउटीसित भने हेराहेरमै निकै लभ भएको हो । चार दिनसम्म लगालग हेराहेर भएपछि मैले उनलाई लेखेको चिठी सुनिहाल्नोस्–

भ्यालवासिनी, मन्दसुहासिनी माइ डार्लिङ !

नयनरूपी कपमा सौन्दर्यरूपी चिया खाँदाखाँदै जादुगरले सर्प लठ्याएझैं तिमीले मलाई मोहनी लगायौ । समाका बीच परवाना जलेझैं म तिम्रो चञ्चले आँखामा जलिरहेछु । कति जालिम छ तिम्रो दिल ! मैले तिम्रो लभालु बाहुलीमा सर्वस्व न्यौछावर गरेको छु– प्लिज डार्लिङ मेरो सच्चा प्यारलाई अझै तिमीले ठुक्र्यायौ भने म यही भ्यालमा टाईको पासो लाएर मर्नेछु ! याद राखे– लभ इज् ब्लाइन्ड ।

उही प्यारको प्यासो
आँचल सिंह

यो चिठी पुगेपछि दुवैतिरका बुढियाहरूले साँच्चै आगो बाले । उनको र मेरो हुर्किसकेको लभ पनि त्यही आगोमा डढेर खरानी भयो । भ्यालमा आँखा जुधाएको नजुधाएको कुरा यत्ति हो ।

त्यसपछि त मलाई आत्महत्या नै गर्ने झोक चल्यो । एक दिन राति रानीपोखरीमा डुबेर मर्छु भनी गएँ पनि । भित्र पसेर लुगा फुकालें । पाइन्टको खल्तीमा आफैंले लेखेका ९६ ओटा लभलेटर रहेछन् । तिनलाई देख्ता आँखाबाट बर्र आँसु झऱ्यो, आफ्नै मायाले आफू रन्थनिएँ, अनि च्वाप्प लभलेटरको म्वाइँ खाएर फुकालिसकेको लुगा हत्त न पत्त उन्दै उही अलच्छिना कुटीतिर फर्कंदै थिएँ, बिनसित्ति पुलिसले समातेर सात दिन भ्यालखानामा कोचिदियो ।

'तै रिन तै रिन वूढी बाखी किन्' भनेझैं एक दिन मलाई विचार आयो– त्यही पिँडालु-पसल्नीसित लभ गरूँ । हाम्रो टोलकी पिँडालु-पसल्नी उमेरले अलि छिप्पिएकी भए तापनि दिलले छिप्पिएकी थिइन । पिँडालु, सखरखण्ड र आलु उसिनेर नाङ्लाभरि राख्थी र आउने-जानेलाई मिजास र मुस्कानसाथ सत्कार गर्थी । उसको मिजास र मुस्कान देख्ता उसकहाँ मै हुँ भन्ने भलादमीहरू पनि पिँडालु खान आउँथे । पिँडालु त के मीठो हुन्थ्यो र ! उसको मुस्कान मीठो थियो, मिजास मीठो थियो । त्यसैले म पनि दिनको आठ घण्टाभन्दा बढी सोही पसलमा बिताउने गर्न थालें । हुँदाहुँदा पसल्नीको पिँडालु पखाल्ने, आलु

उसिन्ने इत्यादि काममा पनि मैले सघाइदिन थालें । उसले पनि मलाई पैसा नतिरीकन पिँडालु र सखरखण्ड खान दिन थाली । हिमचिम र हेलमेलबाट ऊ अब त आफ्नी भइसकी भन्ने निश्चय गरेर एक दिन मैले डराईडराई भनें– "अब त तिम्रो र मेरो बिहा गरे पनि हुने हगि ?" मेरो कुरा सुनेर पिँडालु-पसल्नी अक्क न बक्क परी । पछिल्तिरबाट उसको छोराले मलाई चिम्टाले यस्तरी हिर्काइदियो अझै मेरो गालामा बौसीले डामेझैँ डामेको खत छँदै छ ।

लभर र लोफर, जोगी र जोकर एकै त हुन् नि ! न जात जाला भन्ने डर ! न इज्जत जाला भन्ने डर ! लभको धोको मनमा लागेपछि त्यस्ता लाज, घिन, सर्म भन्ने कुरा त नेता-नेतीको नैतिकताझैँ कता पुग्दा रहेछन् कता ?

चारपासेले जागिर खोजेझैँ धुइँधुइँती खोज्दा पनि लभर नपाउँदा मलाई कहिलेकाहीँ यस्तो पनि लाग्न थाल्यो छातीमा 'एउटा लभर चाहिएको छ' भन्ने साइनबोर्ड झुन्डचाएर तीन सहर नेपाल फन्को मारूँ । तर साइनबोर्ड नबनाइसक्तै एउटा कुटुनाले खबर ल्याएछ– आँडेगाउँतिर भनेजस्ता लभर पाइन्छन् । पत्यार त उत्तिको लागेको होइन, तर 'ढाँटा निम्तो खाइ पत्याउनु' भन्ने सम्झेर भोलिपल्टै कुदें उतातिर । सन्जोगवश मेरी दिज्यूको ब्याइतेपट्टिकी नन्दका मितिनीको भदाको घर रहेछ, उही आँडेगाउँमा ।

पुसको महिना बिहान आठ बजिसक्ता पनि कुहिरो उघ्रिएको थिएन । म आफू बसेको घरमुनि डिलमा बसेर आफ्नो वेदनाको रन्कोमा एउटा विरहगीत गुनगुनाइरहेको थिएँ । तपाईंलाई थाहै होला, त्यत्तिखेर म साँच्चै कवि र सङ्गीतकार बनिसकेको थिएँ । लभको चक्करमा घुम्दाखेरि जति ठक्कर पाइन्छ उतिउति आधुनिक कविता र सङ्गीतको मूल फुट्तछ भन्ने कुरो तपाईंले थाहा नपाएको भए थाहा पाइहाल्नोस् । त्यस बेलाका मेरा गीतहरू देख्न पाए तपाईं छक्कै पर्नुहुन्छ– कस्ता रोमान्टिक र विरहात्मक गीत लेख्थें म । अँ, म गुनगुनाउँदै थिएँ– एउटी आइमाई अलि परबाट तलतिर ओर्लिन् । नाक-मुख त मैले देख्न पाइन, तर उनको कपाल, खास्टो, रातो चट्टी, नीलो फरिया, लचकदार हिँडाइ देख्दा मैले ठम्याएं– एउटी बैंसालु केटी मेरो जस्तै विरहावेशमा एक्लै भौंतारिरहिछन् । यस्तो देख्दादेख्दै चुप लागेर बस्नु त हात परेको चीज गुमाउनु हो भन्ने सम्झी म पनि लागें पछिपछि । नजिकै पुगेपछि स्नेहालु स्वरमा मैले सोधें– "यस्तो जाडोमा एक्लै कतातिर हो दिदी ?" मेरो कुरा सुन्नासाथ मुन्टो फर्काएर उनले पुलुक्क मतिर के हेरिथिन्, मेरो सातोपुत्लो उडिगो । ऊ त रहेछ त्यही गाउँको सुब्बा ! रेसमी लुङ्गी लगाएको कानसम्म

डम्बरकुमारीको खास्टो ओढेको रातो जनाना स्लिपर लगाएको, पाखातिर हावा खान लागेको सुब्बा । आँखा जुध्नासाथ बुद्धुक्क मृग उफ्रेझैं उफ्रेको म आफू बसेको घरमा पनि नगईकन आइपुगें सागबजारमा ।

बेलुका जब आफ्नो ओछ्यानमा पल्टें, नानाथरी तर्कवितर्कहरू चले । म सिनेमालोकमा जन्मेको भए पनि हुन्थ्यो– सिनेमामा साइकिल जुधे पनि दिल जुध्छ । तर यहाँ मैले जुधाउनु मात्रै होइन, एक पटक एउटी युवतीको साइकिलमा ठक्कर ख्वाएर साइकिलको गेडी र घुँडाको गेडी एकै पटक फुकाल्दा पनि लभ हुन सकेन । बरु दुई महिनासम्म आफूले अस्पतालमा कुरीच खानुपर्‍यो । युवतीको दयाभरि दृष्टि पर्छ कि भनेर अलिक दिन रिक्सा चलाउने विचार पनि गरें र चलाएँ पनि । तर पहिलै दिन रिक्सामा बसेकी युवतीले 'बढ्ता कुरा गर्ने' बात लगाएर मूलसडकमै चप्पल चखाइदिइन् । माझनिधारमा लभको निसानास्वरूप फुलौराजत्रो टुटिल्को उठ्यो ।

यस्तै दुई-चार पटक रातिराति टुँडिखेल नडुलेको पनि होइन, दुई-चार पटक रात बस्दै जात्रा हेर्न नगएको पनि होइन । तर कुनै उपाय पनि नलागेपछि के गर्नु ? रूप छैन भनूँ भने हाडभन्दा सेतो छु । हिसी छैन भनूँ भने मेरो सुलुत्त परेको हनुमाने ओठ प्रख्यातै छ । फेसन छैन भनूँ भने परिआएको खण्डमा आङमा आँचल र टाडमा टाई बाँधेर हिँड्न पनि सक्छु । कुलघराना जरसाहेबको भइगो । यो दुनियाँ नै यस्तै छ, कसैलाई खातैखात कसैलाई पुर्पुरामा हात । अघाएकालाई भातैभात, भोकालाई खाली पात ।

रात धेरै बितिसक्ता पनि यस्तै विरह र बिलौनाका तर्कवितर्क गर्दै म छटपटिरहेको थिएँ, एकाएक मेरो अगाडि एउटी युवती उभिन आइन् ।

निकै राम्री, पढे-गुनेकी, देखे-सुनेकी, आधुनिक युवती । मन्द मुस्कान छाड्दै थुपुक्क आएर मेरो सिराननिर बसिन् । नौनीभन्दा नरम उनका हात पाखुरा सुमसुम्याउँदै मैले भनें– "प्रिये, मेरी आँखाकी नानी, हृदयकी रानी, प्रेमकी खानी, लभकी दानी, मायाकी पानी, भरिएकी जवानी" इत्यादि । उनले पनि च्वाम्म एक फेरा मेरो निधार चुमिन् । उनले चुमेकी मात्र के थिइन् मीठो सपनाबाट म झल्याँस्स बिउँझें । हेर्छु त घरैकी काली बिराली म्याउँ गर्दै लुसुक्क भ्यालतिर लागी ।

अब भन्नोस्, मेरो बाबूसाहेबी खप्परमा लभ गर्ने कुरो लेखिएकै रहेनछ त ?

अन्तर्राष्ट्रिय भ्यागुता-सम्मेलन

आजको दुनियाँमा बेकारलाई भन्दा बढ्ता पीर पुत्रकारलाई हुन्छ; टचाक्सीकारको भन्दा बढ्ता धपेडी पत्रकारलाई हुन्छ । त्यसमाथि पनि कसैले पुत्रकारिताको आफ्नो दैनिक टन्टा टार्न पत्रकारिताको पेसा लियो भने त्यसको जीवन कति टाटेपाङ्ग्रे होला आफैँ सोच्नोस् । त्यसमाथि पनि अझ आफूचाहिँ त दिनभर भ्याङप्वाला साइकिलको भरमा पत्रकारिताको सेवा गर्नुपर्ने र साँझ-सबेर प्याङ टकटकाएर पुत्रकारिताको मेवा चाट्नुपर्ने नेपाली पत्रकार ! त्यसैले मेरो दिमाग रातदिन यस्तरी चक्कराइरहन्छ– मानौँ मस्तिष्कको पर्दामा कुनै सिनेमाको रिल घुम्दै छ । एक सेकेन्ड विश्वनेताहरूको निरस्त्रीकरण भाषण सम्झन पुग्छु त अर्को सेकेन्ड बेलुकालाई जोर्नुपर्ने उसिनाको रासन । एकछिन जेनेभा सम्झौता त अर्को छिन पुत्र र पुत्रकी महतारीको सम्बन्धविच्छेद ।

कुरो तात्तातै हो, अस्ति मात्रको । अखिल नेपाल परिवार समस्या समाधान सम्मेलनको रिपोर्टिङ सकेर म घर फर्कंदै थिएँ, कमलपोखरीको किनारमा एउटा बच्चा रोएजस्तो लाग्यो । निकैबेर त आफ्नो साइकिल चुईंकेको होला भन्ने ठानी मैले वास्तै गरिनँ, पर पुगेपछि पो देखियो एउटी युवती परिवार समस्या समाधान गर्दै रहिछन् । हलेदो भन्ने चिनेपछि किन कोट्याइरहने भन्ने विचारले म अघि बढ्दै थिएँ, तर उनको अभागले हो कि आफ्नै अभागले हो मेरो साइकिलको टयुब यस्तरी पङ्किदियो, मानौँ आफ्नै टाउकामा बम पङ्केजस्तै गरी । हत्त न पत्त पोको भ्यासमा फ्याँकेर पुलुक्क हेरिन् उनले मैतिर । आँखा जुध्नासाथ मैले उनलाई चिनिहालें । पोहोरका वर्ष इन्टरन्यासनल फर्वार्ड लेडी कन्फ्रेन्समा भाग लिन जाने प्रतिनिधिमण्डलको नेतृत्व उनैले गरेको र देशका केटाकेटीको सेवा गर्न जिन्दगीभर अविवाहिता रहनेछु भनी उनले अस्ति मात्र रानीपोखरीको डिलमा प्रवचन दिएकी थिइन् । त्यसैले उनलाई मजस्ता पत्रकारले नचिन्ने त कुरै रहेन ।

तपाईंलाई थाहै छ, पत्रकारले कति देखेको कुरा लेख्न पाउँदैन, कति लेखेको कुरा देख्न पाउँदैन । देखेको जति सबै लेख्न पाउने हो भने अखबारहरू खालि किचाकिच, थिचाथिच, रिसारिस, ईखाईख, विषाविष इत्यादि खबरले भरिन्थे । लेखेको कुरा सबै देख्न पाउने हो भने सुधारैसुधार, विकासैविकास, मित्रतैमित्रता, आदर्शैआदर्श साँच्ची मान्छेको दुनियाँ देवताको जस्तो देख्न पाइन्थ्यो । त्यसैले उनको त्यो समस्या समाधानको पुरुषार्थपट्टि आधुनिक पत्रकारले किन ध्यान दिने ?

जहानबच्चा नियोजन युगको माग हो, तरिका बेग्लै भयो भन्दैमा उनले अपराध गरेको भन्नु कसरी ? जमाना र जवानीअनुसार उनले आफ्नै ढङ्गको पद्धति अपनाएको पनि त हुन सक्छ ।

अलि वर आउँदै थिएँ, एउटा भ्यामल्याङभ्रुमलुङ परेको मान्छेलाई रमनले हपार्दै रहेछ । मलाई पनि हपार्छ कि भनेर खुट्टा कमाउँदै साइकिल घिच्च्याइरहेको थिएँ, तर म साइकिल चढुवा भलादमीलाई समात्न उसको के तागत ? वरु मलाई एउटा मेन न्युज (प्रमुख खबर) पो मिल्यो, शीर्षक पनि कल्पिहालें– 'पुलिस र डाँकाको मुठभेट' । ऊ डाँका थियो वा थिएन त्यो छुट्टयाउने भारा न पुलिसको पो हो । म त एक पत्रकार, मलाई समाचार भए पुगिहाल्छ ।

आखिर के भयो र अचेलको दुनियाँमा जुनसुकै देशमा होस्, सरकारका निम्ति सी.आई.डी. को रिपोर्ट ब्रह्मवाक्य, जनताका निम्ति अखबार र रेडियोको खबर ब्रह्मवाक्य । भएको कुरा लुकाउन, नभएको कुरा फर्माउन, सेतालाई रङ्गाउन, सोझोलाई बङ्ग्याउन सी.आई.डी. र संवाददाता यति सिपालु हुन्छन् कि साँच्चै भनूँ भने आज विश्वको राजनीति नै यिनै दुई थरीको हातमा छ ।

मेरा एक जना ठटयाउला साथी भन्थे– कुन्नि कुनकुन दुई देशका सीमामा दुवैतिर आआफ्ना ब्यारेक थिए रे । एक दिन बिहान उतापट्टिको एउटा सी.आई.डी. र एउटा संवाददाता सीमाकै क्षेत्रतिर घुम्दै रहेछन् । त्यसै बेला एउटा युनिफर्म लगाएको यतापट्टिको सिपाही हातमा के हो लिएर उतापट्टि दौडिएछ । यो देख्नासाथ सी.आई.डी. ले ठानामा र संवाददाताले कार्यालयमा फोन गरेछन्– "फलानो देशको सैनिक हाम्रो सीमाभित्र पस्यो ।" फोन पाउनासाथ पुलिसको जिप उहाँ पुग्यो । पत्रकारले हत्त न पत्त अफिसमा पुगेर भन्यो– "लौ पुलिस पनि आइपुग्यो ।" समाचार साँच्चै हो । एकछिनपछि प्रभात संस्करण पत्रिकाहरूमा पिटियो– "फलानो देशको सैनिकद्वारा फलानो

देशको सीमा अतिक्रमण ।" पत्रिकामा यसरी छापिएपछि सी.आई.डी. को रिपोर्टले पनि पुष्टि पायो । नेताहरूले हतारहतार वक्तव्य छाँटे, पार्टीहरूले हतारहतार सङ्कटकालीन बैठक बोलाएर विरोध प्रस्ताव पास गरे । सम्पादकहरूले हतारहतार सम्पादकीय लेखे । रेडियोहरूले हतारहतार सम्पादकीय समीक्षा फलाके । मित्र देशहरूमा खलबली चल्यो, हामीजस्ता बुज्रुकले रेस्टुरांमा चप चपाउँदै गफ लडाउने मौका पायौँ । आखिर छानबिन गर्दा बुझियो, कुरोको चुरो के रहेछ भने एउटा सिपाहीलाई आउँरगत परको रहेछ, विहान डचुटीमा जान निस्केको दिसाले च्यापेछ, तर चर्पी रहेछ भरिभराऊ, त्यसैले ऊ लोटा लिएर हतपतमा जता पायो उतै कुदेको रहेछ । अब भन्नोस्, संवाददाता र सी.आई.डी. को महत्त्व कत्रो रहेछ ! त्यसैले त्यो भ्याम्लाडझुम्लुड गरी हिँड्ने रमन्ते र रमनको भेटघाटलाई मैले समाचार दिने निधो गरेँ ।

आज बिहान दाउरा-गुइँठा वितरण सम्मेलनमा विभिन्न विद्वान् तथा प्रतिनिधिले दिएका भाषणहरू पनि मैले लेख्न भ्याएको थिइन । त्यसैले अब 'अकरम्-बकरम्, सबै एकैचोटि भकुरम्' भनेर हतारहतार बसेँ बाकसमाथि । पुत्रकी महतारीलाई अर्डर गरेँ– "लौ मलाई अहिले भातसात खाने फुर्सद छैन, एक चिलिम अमिलो तमाखु ल्याइदेऊ ।" महतारीको प्रतिनिधित्व गर्दै सुतिरहेको पुत्रले जबाफ दियो– "हुक्का त मुआँले चिरेर बालिदिनुभयो बुबा !" अचम्म मानी महतारीचाहिँको मुखतिर हेरेको त रुन्चे मुख लगाएर उनले नाक बजाइन्– "दाउरा कतै केही पाइएन अनि... ।" चुपो लागेर आफू थालें दाउरा-गुइँठा वितरण सम्मेलनका भाषण र प्रस्तावहरूको खबर बनाउन ।

राति दुई बजेपछि तन्ना फाटेको बिछ्याउनामा तन्द्रङ्ग पल्टिएँ । चीनको क्रान्तिमा फर्मोसाबाट उँधोतिर झरेका गुरिल्लाझैँ भित्ताभित्ताबाट उडुसहरू ओर्लिरहेका थिए । द्वितीय विश्वयुद्धको बेला जापानमाथि हुनहुनाएका लडाकू विमानझैँ लामखुट्टेहरू टुकीको पिलपिलमा घुनघुनाइरहेका देखिन्थे । मेरो सोचाइको रफ्तार भोलिका कार्यक्रमको रूपरेखा र रुटिन खिच्दै थियो– छ बजे स्वास्थ्यमन्त्रीद्वारा सफाइ आन्दोलनको उद्घाटन, दस बजे माछापोखरीको शिलान्यास, साँझ भारतीय भवनमा नेपाली कविहरूको गोष्ठी, अमेरिकन दूतावासमा हिमाली फिल्म प्रदर्शन, बेलाइती बैठकमा परराष्ट्रमन्त्रीको राजकीय भोज, भानुभक्तको सालिकनेर रवीन्द्रजयन्ती । ओहो, कस्तो व्यस्त कार्यक्रम ! यो व्यस्तताभित्र कति गुदी छ, यो कसले सोचोस् । यो औपचारिकताभित्र कति व्यय र कति आय छ त्यसको हिसाब कसले गरोस् !

म त पत्रकार, नढाँटीकन बोलूँ भने आज मानिसको सारा जाँगर समिति बनाउनुमा सीमित भएको देख्छु, सारा विद्वत्ता प्रस्ताव पास गर्नुमा । म मात्रै पाँचओटा समितिमा सम्मिलित छु । टोलको टट्टीगृह निर्माण समितिको अध्यक्ष, राष्ट्रिय पोसाक परिषद्को महामन्त्री, कामखोजुवा क्लबको प्रचारमन्त्री, आला काँचा उद्धारमण्डलको सहसचिव र अराष्ट्रिय तत्त्व चट्कन दलको कोषाध्यक्ष । यसैले होला, मेरा पुत्रले पनि गुच्चा खेल्ने भएभरका साथी बटुलेर गुच्चा-खेल समिति बनाएको छ र बाटोमा गुच्चा नखेल्ने प्रस्ताव निर्विरोध पास गरेको छ, तर मूलसडकमा गुच्चा खेल्दाखेल्दै मोटरसाइकिलले क्रिचेर भाँचिएको उसको हात अझै पूरा बिसेक भइसकेको छैन । अब पुत्रकी महतारीले पनि कुन दिन वल्लापल्ला घरका कर्मठ आइमाई बटुलेर कपालकोरण समिति नबनाइदिऊन् ।

तर समिति, सम्मेलन, भाषण र प्रस्तावलाई मन नपराउने म त्यति साँघुरो विचारको असभ्य होइन । बीसौं शताब्दीको जल्दोबल्दो आधुनिक मान्छे, मान्छेमाथिको पत्रकार । प्रतिदिन रकेटले साँगुरिँदै ल्याएको र पकेटले फराकिँदै लगेको आणविक युगको कर्णधार । त्यसैले मेरो दिमाग फेरि एक पटक भूत, भविष्य र वर्तमानका विश्वव्यापक सारा सभा, सम्मेलन, समिति र अधिवेशनतिर सर्र कुद्न थाल्यो । अनि लामखुट्टेबाबूको ओजस्वी भाषण सुन्दासुन्दै म त कताकता पुगेँछु– अन्तर्राष्ट्रिय भ्यागुता-सम्मेलनमा । जहाँ मूल ढोकामा भ्यागुताभन्दा ठूला अक्षरले लेखिएको थियो– 'इन्टरन्यासनल फ्रग्स कन्फ्रेन्स ।'

अन्तर्राष्ट्रिय भ्यागुता-सम्मेलनको आयोजना थियो पोखराको फेवातालमा । विश्वका मुख्यमुख्य धेरैजसो खोलाबाट भ्यागुताका प्रतिनिधिमण्डलहरू आआफ्ना राष्ट्रिय झन्डा लिई भेला भइरहेका थिए । पत्रकार र क्यामेराम्यानको बढ्दो उपस्थितिले तालको वरपर खचाखच थियो । तालको बीचमा पर्ने बराहमन्दिरमा विभिन्न खोलाका राष्ट्रिय झन्डाहरूले सजिसजाउ भएको मञ्च थियो । सम्मेलन सुरु हुनुभन्दा अघि फेवातालको रैथाने भ्यागुतो परिचय गराउन र स्वागतभाषण पढ्न अघि सऱ्यो, जब ऊ अघि सरेथ्यो, फोटोग्राफरहरू तँछाड मछाड गरी क्यामेरा तेर्स्याउन थाले । पत्रकारहरू कापीकलम लिएर ठीक परे । म पनि अलि टाढा एउटा बुटाको फेदमा उभिएँ ।

सर्वप्रथम एउटा रातो-सेतो वर्णको अग्लो मोटो भ्यागुतालाई देखाउँदै

फेवातालको भ्यागुतोले सुनायो– "उहां मिसिसिपीखोले प्रतिनिधिमण्डलका नेता मिस्टर ओल्ड एस. डलर हुनुहुन्छ ।" हातठटाइ र हातमिलाइ पनि साथै सुरु भइहाल्यो । अनि एउटा निकै रातो वर्णको ठीक कदको खाइहाल्दो भ्यागुतालाई देखाउँदै फेवाताले भ्यागुताले भन्यो– "उहाँ हुनुहुन्छ, भोल्गाखोले प्रतिनिधिमण्डलका नेता मार्शल फटाटोभ ।" त्यसपछि क्रमशः उसले टेम्सखोले प्रतिनिधिमण्डलका नेता मि. एस्.एस्. पायड्, सीनाखोले नेता चार्जस् एश्चेनको पनि परिचय गरायो । त्यसपछि दोस्रो लङमा गएर एउटा थेप्चेथेप्चे कदको र अर्को कालोकालो वर्णको भ्यागुतोलाई देखाउँदै फेवाताले भ्यागुताले भन्यो– "उहाँहरू हुनुहुन्छ, ह्वाङ्होखोले प्रतिनिधिमण्डलका नेता म्याउँ-म्याउँ चू र गङ्गाखोले प्रतिनिधिमण्डलका नेता श्री शान्तिकान्त चतुर्वेदी ।" अनि बाग्मतीखोले प्रतिनिधिमण्डलका नेता टारटुर सिङको परिचय चल्दै थियो– त्यसै बेला आफूलाई एकछिन बाहिर नगई भएन, उताबाट आउँदा स्वागतभाषण पनि सिद्धिसकेछ ।

सम्मेलनमा बाँडिएको 'उद्देश्य र विषयसूची' भन्ने एउटा ठेलीबाट थाहा पाइयो– यो सम्मेलन विश्वका प्रमुख समस्याहरूमा छलफल गर्न भएको रहेछ । मूल विषय यिनै थिए–

(१) खोलामा जाल हाल्ने र बारुद पड्काउने काममा तुरुन्त प्रतिबन्ध लगाउने ।

(२) पञ्चशीलको आधारमा सबै खोलाका बीच शान्ति र मैत्री कायम गर्ने ।

(३) साना खोलाका समस्यामाथि विचार गर्ने ।

(४) पानी सुकेका बेलाका निमित्त भ्यागुताहरूको बसोवासको प्रबन्ध मिलाउने, इत्यादि ।

आजका मूल विषय यिनै न हुन् ! भेला, छलफल भएपछि कसो एकोटा निर्णय ननिस्केला ? हाम्रा गाउँमा ठूल्दाइ, जेठा बूढा, रामचा, पण्डितबाजे, खँदाल काका त कुनै समस्या आइपर्दा पञ्च बसेर यसै गर्ने भनेर निर्णय ठोक्छन् भने यहाँ त विश्वका भएजति गिदीहरू जम्मा भएका छन् भन्ने मैले सम्झें ।

तर म सम्झँदै थिएँ, उता त सभापतिबारे गन्जागोल चलिसकेछ । एक थरी मार्शल फटाटोभको नाम प्रस्ताव गर्दा रहेछन्, अर्का थरी मिस्टर डलरको । वादविवाद यति चर्क्यो कि दुई थरीमा भनाभन चल्न थाल्यो । पितापुर्खाका

पालादेखिका रिसइबी सबै त्यहीं ओर्कलिन थाले । चार घण्टाको विवादपछि आखिर त्यहां कराउनेमध्ये जजसको स्वर ठूलो थियो, ती सबैको एउटा अध्यक्षमण्डल बन्यो ।

त्यसपछि एकसेएक विद्वत्तापूर्ण भाषणहरू भए, ताली बजे र विभिन्न प्रतिनिधिमण्डलद्वारा विभिन्न विषयमा विभिन्न प्रस्ताव आए । म आफ्नो ठुटो सिसाकलमलाई न्वारनदेखिको बल झिकेर कुदाउंदै थिएं, फेरि चल्यो चर्काचर्की । साना खोलाको समस्याबारे बोल्दाबोल्दै एक जना ठूलाखोले नेताले सानाखोले प्रतिनिधिमण्डललाई लात्ती उज्याएछ ।

उसको भनाइ थियो– "खोलो सानो होस् कि ठूलो, राज्य चल्नुपर्छ भ्यागुतैको । होइन भने अन्त चाउरिएका चेपागांडा मैं च्याप्छु । ठूलाखोले र सानाखोलेका बीच केको सहअस्तित्व !"

यता चर्काचर्की चल्दै थियो उता मुक्कामुक्की चलिसकेछ । ए क्या हो यो ! भन्दै म आत्तिएर भाग्न खोजें, अर्को एउटा बूढो पत्रकारले भन्यो– "धत्तेरि बाबू ! भ्यागुताको भाषामा पञ्चशील माने पांच मुक्का हो ।" नभन्दै ऊ उसलाई झुक्क्याउने, ऊ उसलाई मुक्क्याउने गर्दागर्दै सर्वत्र मुक्कीका आवाजदेखि केही सुनिएन । त्यसै बीच मार्शल फटाटोभ र मिस्टर डलरको कुस्ताकुस्ती चल्न थाल्यो । कहांको बारुद पड्काउने समस्या, कहांको विश्वशान्ति !

सारा माछाहरू कराउन थाले– "बचाओ बाबा बचाओ ! हामी लाटासुधा माछाहरूलाई नकिच । तिमीहरू दुई-चारओटा भुंडीबाल भ्यागुताको रिसारिसले कञ्चन पानी विषाक्त नपारिदेऊ ।" तर टाउके भ्यागुतालाई माछाको रुवाइको के पर्वाह ? उसमाथि पनि रिस उठेको बेलामा को वेद पढ्छ र ? एक्कासि एउटा भ्यागुताले बुद्धक्क उफ्रेर डुम्म के डकारेको थियो, फेवातालमा भयङ्कर विस्फोट भइहाल्यो । त्यही आवाजले थर्केर म पनि झल्यास्स व्यूंझें । व्यूंझेर घडी हेर्छु त आफूलाई सफाइ आन्दोलनको उद्घाटनमा पुग्न बिर्तिसकेछ । आखाअगाडि भ्यागुता-सम्मेलनको अलौकिक दृश्य नाचिरहेकै थियो, तर के गर्नु ? 'बूढी लागी रमितामा स्याललै कुखुरो बोक्यो' भनेजस्तो होला भन्ठानेर दौडें लुखुरलुखुर !

मिस्टर एन्. मुनि नेपालमा

फ्लोरिडाको वेधशालाले उड्दाउड्दै रित्तो स्पुतनिकमा एउटा मान्छे खुत्रुक्क भित्र पसेको कुरा थाहा पायो । अमेरिकी वैज्ञानिकहरूले खूब गहिरिएर त्यसको अध्ययन गरे । वायुमण्डलभन्दा पनि माथि पुगेको स्पुतनिकमा पृथ्वीको मान्छे पसेको भन्ने त कुरै थिएन, त्यो पक्कै 'अन्तरिक्ष-मानव' हो भन्ने उनीहरूले ठोकुवा गरे । अनि त्यस स्पुतनिकलाई अमेरिकाभित्रै उतार्ने कोसिस चल्न थाल्यो । किनभने स्पुतनिक थियो रूसको 'अन्तरिक्ष-मानव', रूसमा ओर्लियो भने त बिताइहाल्यो । उसै त 'पहिले ब्रह्माण्डभेदन गर्ने हामी' भनी रूस लौकाजत्रो नाक पार्छ, झन् त्यो 'अन्तरिक्ष-मानव' समेत उसैको भयो भने लोकलोकान्तरको सारा रहस्य पहिले पत्तो पाउने पनि उही हुन्छ । अनि चन्द्रलोकमा पनि कम्युनिस्ट घुसाइदियो भने अरूले त डाडुमा पानी तताएर डुबे भैहाल्यो । तर रूसी वैज्ञानिकहरू झन् के कम हुन्थे । आफ्नो स्पुतनिक आफ्नै देशमा उतार्न उनीहरूले पनि ज्यूज्यानले मिहिनेत गरे । दुवैतिरका आकर्षण र प्रत्याकर्षणको फलस्वरूप स्पुतनिक ढलपलाउँदैढलपलाउँदै आएर बसिदियो, सगरमाथाको टुप्पामा ।

यस कुरोको पत्तो पाउनासाथ रेडियो मास्कोले रूसको स्पुतनिकमा आएकोले सो मानव हाम्रै हुन्छ भनी ठोक्यो । टेलिभिजन अन्तर्वार्तामा अमेरिकी प्रवक्ताले भने– स्पुतनिकमा पसेको कुरो पहिले हामीले नै पत्ता लाएको हुनाले सो मानव हाम्रै हुन्छ । भारतीय लोकसभामा प्रस्ताव आयो– हिमालयको सेरोफेरो सबै मेरो भएकाले त्यहाँ उत्रेको प्राणी अरू कसैको हुनै सक्तैन । पेकिङको 'पिपुल्स डेली' ले सम्पादकीय लेख्यो– सो मान्छे उत्रनासाथ स्पुतनिकचाहिँ हाम्रै सीमाभित्र गुडेकोले अन्तरिक्ष-मानव चीनको हुन्छ । यस्तो खैलाबैला चलेको ३ दिनपछि नेपालले पत्तो पायो र रेडियो ककर्नीले विस्तारै फुक्यो– सगरमाथामा खसेकाले अन्तरिक्ष-मान्छे हाम्रो पो हुनुपर्छ कि ?

\+ + +

नाम्चेबजारमा धेरै देशका पत्रकारहरू हेलिकोप्टर र पिलाटस पोर्टर चढेर ओइरिए 'अन्तरिक्ष-मानव' खोज्न । हुन त रकेटको गति हेर्ने यन्त्रले उसको फोटो खिचिसकेको थियो, तैपनि ऊसँग अन्तर्वार्ता लिने सबैको धोको छँदै थियो ।

+ + +

सोलुखुम्बुको स्यार्पादाइको पिँढीमा एउटा अनौठो जोगी बसेको रहेछ । पहेँलो धोती फेरेको, कपाल सिनित्त खौरेको, तर झन्डै एक हात लामो टुप्पी धरहराझैँ ठड्याएर कुशले बाँधेको देख्दा निकै रातोपिरो, खुपै बक्ने होला जस्तो । एकातिर सितार र कमण्डलु, अर्कोतिर डोकाभरि पिँडालु राखेको स्यार्पादाइको फलैँचामा बसेर ऊ कुपुकुपु उसिनेको तरुल खाइरहेको थियो । पत्रकारहरूले एक घण्टाको निरीक्षणपछि ठम्याए– 'अन्तरिक्ष-मानव यही हुनुपर्छ ।' अनि सबैले एकै स्वरमा 'हल्लो मिस्टर !' भन्दै ह्यान्डसेक गर्न हात दिए । तर उसले चाहिँ यिनीहरूले खानेकुरो मागेका होलान् भन्ने ठानी आफूले खान थालेको तरुलका एक-एक ठुन्का भाँचेर सबैका हातमा राखिदियो । पत्रकारहरूले पनि यो 'अन्तरिक्ष-फल' होला भन्ने सम्झी बोक्रैसहितका तरुलका ठचौका च्वाम्च्वाम् चपाए ।

अन्तवार्ता लिन पर्‍यो समस्या भाषाको । अङ्ग्रेजी, फ्रेन्च, जर्मन, रसियन, चाइनिज जे बोले पनि ऊ नबुझ्ने । वैदिक, संस्कृत, तान्त्रिक, मान्त्रिक उसले जे बोले पनि उनीहरू नबुझ्ने । दुई घण्टाको कपालदुखाइपछि बल्लबल्ल थाहा पाइयो; उनी त स्वर्गका नारदमुनिजी पो रहेछन् ! कस्तो अचम्म !!! पत्रकारहरूले हत्त न पत्त नोट गरे, नाम– मि. एन् मुनि, नागरिकता स्वर्गेली, आगमनको उद्देश्य– थाहा छैन ।

+ + +

'कामकुरो एकातिर, कुम्लो बोकी ठिमीतिर' भनेझैँ स्वर्गका समस्यामा ब्रह्मासँग सरसल्लाह लिन सत्यलोक जान लागेका नारद रित्तो स्पुतनिक भेट्टाएर बसिदिएछन् त्यसैमा । पस्न त पसिहाले, तर बीचमा स्पुतनिक ढलपलाएर बिचराको सातोपुत्लो उडेछ । तै सासै नफेरीकन निर्गुणानन्द भजन गाइदिएछन् र मात्रै, नत्र चौटा खान आएको सम्झी झोलमा डुबेर मर्‍यो भनेझैँ स्पुतनिक चढ्ने रहरले कुन खाँदमा गएर घुसमुन्टिन्थे होलान् बरा !

जे होस्, नारद पृथ्वीमा ओर्लेको समाचार सुन्दा दुनियैँ छक्क पर्‍यो । नेपाल र भारतका मान्छे हाम्रा नारद भनी गजक्क फुले । काठमाडौँमा

रातारात गरी नारद-स्वागत समिति गठित भयो । स्वर्गबाट आएका नारदको स्वागत चानचुने ढङ्गले गर्न भएन । हलिउड पेरिस र बम्बैबाट मै हुँ भन्ने अभिनेतृहरू निम्त्याइए, गौचरदेखि शीतलनिवाससम्म ऐना ओछ्याइयो । सोह्रओटा हात्तीले तान्ने त बग्गी थियो अब !

+ + +

नाम्चेबजारबाट हेलिकोप्टरमा उड्दा नारदलाई अचम्म लाग्यो । अस्ति स्वर्गबाट झर्दा यो विमान बाटुलो थियो, अहिले त साँच्चै लामो भैसकेछ । 'यसरी मान्छे च्यापेर विभिन्न अवतारमा आकाशमार्गबाट विचरण गर्ने यो भगवान्कै मत्स्यावतार त होइन' भन्ने शङ्का उनले झिके र मनमनै साष्टाङ्ग दण्डवत् गरे । जति पर जान्छन् उति गडरङगुडुरुङ गरी मेघ गर्जेको सुनिन थाल्यो, तर भगवान्को पेटमा बसेका नारदलाई केको डर ! अब सोझै स्वर्ग पुग्ने ढुक्कमा थिए उनी ।

नारदलाई लिएर आएको हेलिकोप्टर गौचर विमानघाटमा उत्रनासाथ 'नारदमुनि जिन्दावाद, नारदमुनि हाम्रै हुन्, स्वर्गेली नेपाली भाइ भाइ' आदि नारा र करतल ध्वनिले आकाश थर्किरहेको थियो । हेलिकोप्टरबाट ओर्लनासाथ उनी झस्के– क्यामेराका तन्द्रङतुन्द्रुङ भिर्ने मान्छे, कोही यताबाट ताकिरहेका छन्, कोही उताबाट । उनलाई लाग्यो यी जन्तरमन्तर पैह्रने तान्त्रिकहरूले बाण ताके बा ! तर महामुनि नारद के दब्थे ? वीणाको बिँडले झन्डै फोटोग्राफरहरूको टाउको नफोरेका ! बीचैमा स्वागतमण्डलले नम्रतासाथ बुझाएपछि पो उनले सबै कुरा बुझे । अनि बैंस फुलेका कन्याहरूद्वारा टक्र्याइएका फूलका गुच्छा एक-एक गरी बटुलेर स्यार्पिनी भाउज्यूले सोतर काखी च्यापेझैँ सकीनसकी मुनिजीले काखी च्यापे । स्वागत गर्नेहरू पनि थोरै हुन् र ? सबले माला पैह्राउँदापैह्राउँदा एकछिनपछि त नारद कता हुन् कता, फूलैफूलको रास हिँडेको पो देखियो त्यहाँ । तै टुप्पीको फुर्को अलिअलि देखिएर मात्र, नत्र नारद हराए भनी पुलिस कुदिसक्थे होलान्, रातो जिप लिएर ।

नासेर आऊन् कि नेहरू, नौला पाहुना आएको बेला जेजति हुनुपर्थ्यो त्यसको १८ खण्ड बढ्ता उनको स्वागत भयो । स्वागतभाषणको प्रत्युत्तरमा करैशान्ति नारदले पनि धर्मकर्मका केही उपदेश सुनाए तर माइकमा बोल्न लाग्दा बिचराको खुट्टा थुरथुर काम्यो । यस्तो चुइँक्क गर्दा ढ्वाइँक्क हुने यन्त्र त न स्वर्गमा थियो न वैकुण्ठमा । भाषण सिद्धिएपछि मञ्चैमा उपहारहरू दिइन थालियो । नेपालीहरूले भादगाउँले टोपी लगाइदिन आँटेका; एक हात

लामो टुप्पीले दिँदैदिएन । एक जनाले सोध्यो– "मुनिज्यू, टुप्पी अलिकति छाँटौं कि ?" नारद केही बोलेनन् । भारतीय स्वागतमण्डलले एक टोकरी मिठाई दिँदै भन्यो– "गुरुजी, भारतीय मिष्टान्न ।" 'कसैलाई केही धन्दा घरज्वाइँलाई खानकै धन्दा' भनेझैँ भोकले खहरिएका बिचरा नारद, अरू अभिनन्दनपत्र पढ्न थाले, उनी लागे चपाउन लड्डु, मञ्चमै ! बृटिस स्वागतमण्डलले एक जोर सबभन्दा महँगो सुट ल्याएको रहेछ, तर यो लगाइदिन भने साह्रै फसाद पऱ्यो । मञ्चमा धोती फुकाल भन्नु कसरी ? भित्र कट्टु छ-छैन, अन्तरिक्ष-मानवको के विश्वास ! आखिर एउटाले हिम्मत गरेर भन्यो– "ऋषिजी, कसो होला ?" उनी चुप्प लागे । पर्दाभित्र लगेर लुगा फेराउने काम सम्पन्न भयो । अमेरिकी प्रतिनिधिले झुन्डयाइदिए– घाँटीमा कोडाकको क्यामेरा ! चिनियाले खराउ झिकेर चाइनिज फ्लेक्स लगाइदिए । स्विट्जरल्यान्डका प्रतिनिधिले नारदको नाडी छाम्दै भने– "मिस्टर मुनि, यो कुशको सट्टा घडी लगाऊँ कि ?" नारदले ओल्टाईपल्टाई घडी हेरे– आफैँझैँ घुमिरहने सुई, टिक् टिक् टिक् टिक् चराको बोली, जन्तु त विचित्रको हो ! निकैबेर गम खाएपछि उनले सोधे– "होइन, यो प्राणी चारा के खान्छ नि ?"

रूसी प्रतिनिधिले दिएको मस्कोभिच कारमा गुडेर शीतलनिवास पुग्दा त नारद साँच्चीकै मिस्टर एन् मुनिजस्तै देखिए । आसमानी रङ्गको सुट, चाइनिज जुत्ता इत्यादिले ठाँट्टिएका । तर घाँटीमा तुलसीको कण्ठी र हातमा वीणा भने छँदै थियो । बेलुका बेलाइती बैठकको कक्टेल पार्टीमा उनी सन्ध्या नगरी भोजन ग्रहण नै गर्दिन भनी अड्केकोले आयोजकहरूले फकाईफुल्याई बाथरुमभित्र पसाइदिए । तर घण्टाभर बितिसक्यो, सन्ध्या गर्न गएका नारद अहिले आउलान् छैन, भरे आउलान् छैन । लाचार भएर पार्टीका आयोजक 'हल्लो मिस्टर मुनि !' भन्दै बाथरुमभित्र पसेर हेर्छन् त मुनि समाधिमा ! बल्लबल्ल समाधि खुलाइयो– जापानी प्रतिनिधिले ल्याएको ट्रान्जिस्टरको सहायताले समाधि छुटेपछि जापानी प्रतिनिधिले त्यही ट्रान्जिस्टर समर्पण गर्दै मुनिजीसँग निवेदन गरे– "यो सबभन्दा पछिल्लो प्रडक्सन हो ।" बजिरहेको ट्रान्जिस्टर हातमा लिएर नारदले सबैतिर छामछामछुमछुम गरे, मीठो स्वर मात्र सुनिन्छ, देखिने केही होइन । नारद साँच्चै जिल्ल परे । यो सानो बाकसभित्र कुन संसार छ, जहाँ अप्सराका छमछम र किन्नरीका कोकिल कण्ठबाहेक अरू केही सुनिँदैन । उनले सोचे– भगवान्को छातीमा विराट् ब्रह्माण्ड छ भन्थे, कसो यही त होइन ? चर्मचक्षुले के देखिन्थ्यो र भन्ने ठानेर

उनले ट्रान्जिस्टरलाई ढोगिदिए । अनि विचार गरे– यस्तो अलौकिक बाकस छाडेर को यो वीणाको घाँडो भिरोस् ! पार्टी सकिएपछि जर्मन युवतीले घाँटीको कण्ठी फुकालेर एन्टी क्रिज टाई बाँधिदिइन् ।

ट्रान्जिस्टर र क्यामेरा भिरेर भोस्तोक युगको जेन्टलम्यान भएका मिस्टर एन् मुनि जनसेवा भवनमा च्यारिटी शो हेर्न लगिए । अनेकौं नरनारीको जमघटले जनसेवा हल धिपिक्कै भएको थियो । नारदले देखे– त्यहाँ भित्र फेरि अर्को ससार रहेछ, त्यस्तै हँसीखुसी र रङ्गरमिताको । गायनवादन गरुन्जेल त उनलाई त्यति अचम्म लागेन, तर जब पर्दामा नाच सुरु भएथ्यो नारद 'ओहो उर्वशी, तिमी पनि यहाँ !' भन्दै पर्दातिर दौडेको मार भित्तामा ठोक्किएर घोप्टिन पुगे नर्तकीको खुट्टानिर । यसले गर्दा हलको पर्दा च्यातियो, करेन्ट सट भएर जनसेवा भवन हुरहुर बल्यो, त्यताबाट पाइन्ट स्यारेर कुलेलम ठोकेका नारद यहाँ पुगे उहाँ पुगे पत्तो भएन ।

मिस्टर एन् मुनि बेपत्ता भएपछि उनलाई खोज्न विश्वका प्रमुख राष्ट्रहरूको एउटा खोज कमिसन गठित भयो र कमिसनका प्रतिनिधिहरूलाई लिएर अन्तरिक्ष-मानवको खोजी गर्न न्युयोर्कबाट उडेको विमान आजसम्म काठमाडौं आइपुगेको छैन ।

जय भोलि !

पर्सिको हिजो र हिजोको पर्सिलाई 'भोलि' भन्दछन् । समयको अनन्त गतिमा यसरी भूत र भविष्य दुवैतिर उस्तै सन्धि-नातो लाउने हुनाले आजभन्दा भोलि ज्यादै जनप्रिय छ । भोलानाथको झोलीजस्तो भोलिको आशामा मानिस बाँच्छ, केही गर्छ र भोलिको निम्ति केही साँचेर मात्र मर्न चाहन्छ । आज थाकेको मानिस अनेक थरी सपना तुन्दै भोलिको निम्ति निदाउँछ, तर भोलिपल्ट ब्यूँझँदा उसको भोलि आज बनेको हुन्छ, फेरि ऊ अर्को भोलिको निम्ति दगुर्छ । मानिस जतिजति दिनका पत्र पल्टाउँछ, उतिउति उसको भोलि सर्दैसर्दै पर जान्छ र आखिर भोलिलाई नभेट्दै मानिस मर्छ । त्यसैले भोलि साँच्ची एउटा ईश्वर हो, जसलाई मान्छे पछ्याउँदै जान्छ, ऊचाहिँ परपर तर्कँदै जान्छ तर ऊ जतिसुकै पन्छिए पनि मानिस भोलिको भक्त छ । उसको मुखमा 'राम राम' झैँ सधैँ झुन्डिरहेको हुन्छ– भोलि । त्यसैले आजको काम भोलिलाई थाती राख्नु हाम्रो संस्कृति हो । आफ्नो संस्कृतिलाई उल्लङ्घन गर्न कसले सक्छ ?

साँच्ची भनूँ भने पूर्वीय दर्शनको सबभन्दा ठूलो विशेषता हो– भोलिवाद । हाम्रो दर्शन आज (बाचुन्जेल) दुःख गर, भोलि (मरेपछि) मुक्ति पाउँछौ भन्छ । तर दर्शनको भनाइ र मानिसको गराइमा कहाँनेर फरक पर्छ भने दर्शन भोलिको निम्ति आज गर भन्छ, मानिस डेढ अक्कल लगाइदिन्छ– भोलिको निम्ति गर्ने भएपछि आज किन गरिरहनु, भोलि नै गरे भैहाल्छ नि । अनि निस्कन्छ– आधुनिक भोलिवाद, जसका अनुयायी तपाईं-हामी सबै छौँ ।

भोलिवादको श्रीगणेश कुन बेला, कसको पालादेखि कसले सुरु गऱ्यो, त्यो किट्न सकिन्न, तर हेरिल्याउँदा नेपाली समाजमा भानुभक्तभन्दा अघिदेखि नै यसले खुट्टो घुमाएको बुझिन्छ । उनले एक पटक साह्रै दिक्दारिएर भनेका थिए– "भोली भोली हुँदैमा सब घर बितिगो बक्सियोस् आज झोली ।" कसो हामी भाग्यमानी रहेछौँ र हाम्रा आदिकविलाई झोली बोकेर वनतिर पस्नु

परेनछ। उनको यो घुर्कीबाट हामी बुझ्न सक्छौं– भोलिवादी सिद्धान्तका प्रणेता कुनै महर्षि या आचार्य थिएनन्। यो त निसापको ठूलो घरमा बसेर बेहिसाप गर्न खोज्ने उहिलेका जरसाहेब, काजीसाहेब, हजुरियासाहेब यस्तै कुनै फर्सीटाउकेसाहेब-साहेबनीहरू हुँदाहुन्; हुन सक्छ, सरस्वतीको तानाबाना बोकेर दक्षिणा फर्काउँदै दुनियाँ छकाउने गुरुजी, पण्डितजी, वैद्यजी इत्यादि 'जी' हरूमध्ये नै कुनै थिए कि ?

हाम्रो जीबा भन्नुहुन्थ्यो– उहिल्यै राजर्षि महाराजको पालामा कुन्नि कता हो आगो लाग्यो रे। लाग्नासाथ घरपेटीले थरीलाई पुकारेछ। थरी ससुरालीमा श्राद्ध खान निस्किसकेकोले थरिनीले भनिछन्– "भोलि उहाँ आउनेबित्तिकै म भनिदिउँला।" भोलिपल्ट बिहान एक चिलिम तमाखु पनि राम्रो ननिखारीकन थरीजी पुलिसचौकीमा पुगेछन्। तर चौकीका हवलदार छुट्टी लिएर हिँडिसकेछन्। घरतिर सिपाहीले सोही बेहोरा बताई थरीलाई भोलि आउने आज्ञा दियो। भोलिपल्ट चौकीले खबर दियो र त्यसको भोलिपल्ट ठानामा खबर पुग्यो। ठानाले गोस्वारालाई, गोस्वाराले हजुरियालाई खबर गर्दागर्दै श्री ३ महाराजकहाँ तीन महिना तीन दिनपछि तात्तातो बिन्ती चढ्यो कि फलाना ठाउँमा आगो लाग्यो। तेह्रओटी नानीहरूसँग जिस्किरहेका श्री ३ ज्यूले "लौ भोलि सम्झाउनू" भन्ने हुकुम दिए। भोलिपल्ट मुखारीको मौका पारी हजुरियाले डराईडराई बिन्ती बिसायो– "सरकार फलाना ठाउँमा आगोले सिद्धयाएछ। काखीमा अत्तर छिट्न लगाउँदै श्री ३ बाट तात्तातो हुकुम बक्स्यो– "लौ भोलि नै निभाउन लगाइदिनू।"

हिजोआजजस्तो टेलिफोनको व्यवस्था त्यतिखेर पनि भएको भए त्यस्तो हुँदैनथ्यो कि भन्नुहोला, तर मानिसलाई भोलिवादले छोएपछि टेलिफोनका बाबुको पनि केही लाग्दो रहेनछ। अस्ति मात्रको एउटा कुरा सुन्नोस्, मेरी एउटी नातेदार महिलाज्यूलाई प्रजा बढाउने व्यथाले अँठ्याएछ। तपाईंलाई थाहा होला नि, अघिअघिका जस्ता हिँड्दाहिँड्दै ब्याउने दह्रा आइमाई कहाँ छन् र अचेल ! पाउने दुई महिनाअघिदेखि भुँडी छाम्दै डाँको छोड्दै कन्न थाल्छन् ! त्यसमाथि पनि यिनी त थिइन् पहिला बेते। त्यसैले, अस्पताल नपुऱ्याई त कुरै थिएन। हत्त न पत्त छिमेकीको टेलिफोनमा गएर हलो हलो गरेको त कोहीबाट रिसिभरको तार मात्र तन्द्रङतुन्द्रुङ हल्लियो, कतैबाट कोही बोलेन ! फोनधनीले भने– "लाइन बिग्रेको तीन दिन भयो, भोलि भन्दाभन्दै बनिसकेको छैन, कृपया भोलि एक पटक पाल्नुहोस् न।" लौ लौ भन्दै कुदें अस्पतालतिर।

अस्पतालमा एउटी युवती नर्सले सबै बेलीबिस्तार सुनिन् र मधुर मुस्कानसाथ भनिन्– "आज सिट पनि खाली छैन, सुपरिटेन्डेन्टसाहेब बाहिर जानुभा' छ, कृपया भोलि पाल्नुहोस् न, आम्बुलेन्स कारको ब्रेक पनि भोलि बनिसक्छ ।" हुन्न भनेर पो के गर्नु र ? भला भोलिको तारिख दिए पनि छिमेकीको टेलिफोन मात्रै बनेको भए पनि 'हलो हलो' भनेर कनिरहेको महिलाज्यूलाई कृपया भोलिसम्म पर्खनोस् है भन्दो हुँ तर त्यो पनि थिएन ! लुत्रे कान लगाएर दुई-तीन घण्टापछि उनकहाँ पुगें, तै बिचरीले अटोमेटिक मेथडबाटै काम सिद्धयाइछन् र मात्र, नत्र... ।

अब तपाईं नै भन्नोस्, भोलिवाद हटाउन फोनका बाबुको तागत चल्दो रहेछ त ! काम छिटो होस् भनेर दिनप्रतिदिन वैज्ञानिक चमत्कारहरू बढ्दै छन् । न्युयोर्कमा बोलेको कुरा न्युरोडमा सुनिने भयो, पेरिसमा हात चलाए काठमाडौंमा टेलिप्रिन्ट हुने भयो, तर भोलिवादमा कुनै प्रभाव परेको देखिंदैन । राजर्षि महाराजका पालादेखि झन्डै आजसम्म मैले हाम्रो सिंहदरबारलाई 'भोलिदरबार' भन्ने नाम राखेको छु । किनभने त्यहाँका एक-एक तला, एक-एक कोठा, एक-एक कुना, एक-एक टेबुल,. तपाईं जहाँ जस्तो काम लिएर पुग्नुहोस्, भोलिको निम्तो नपाई छाड्नुहुन्न । जागिर माग्नेदेखि लिएर तारिख माग्नेसम्म सबै भोलि ! सिंहदरबारबाट होस् कि स्यालदरबार भोलिवादलाई शिरोधार्य नगर्ने अड्डाअदालत पाउनु प्याज नखाने बाहुन भेट्टाउनुजस्तै गाह्रो भइसक्यो अब ।

सरकारी क्षेत्रको मात्रै हो र, असरकारी क्षेत्रको पनि गति उही हो । भोलि दिउँला भनी पैंचो लगेको पैसाले ५०० भोलि भुत्त्याईदिन्छ । पसलेहरू 'आज नगद भोलि उधारो' भनिरहून्, उधारो नदिई उनीहरूले सुखै पाउँदैनन् । ग्राहकलाई उधारो तिर्नेचाहिं भोलि आउँदैआउँदैन । कुनै मालिकले नोकरलाई ५०।– रुपियां तलबका निम्ति ५० भोलि कुदाउँछन् । कुनै हितैषीले तीन मिनेटको कुरालाई तीन वर्षसम्म भोलिभोलि भनी गन्हाउने चोक कुराउँछन् । ऋण लिन जाँदा साहू भन्छ– भोलि, लेख लिन जाँदा लेखक भन्छ– भोलि, तारिख लिन जाँदा बहिदार भन्छ– भोलि, तलब लिन जाँदा तहबिलदार भन्छ– भोलि । लुगा सिइसकियो ? भन्दा सूचीकार भन्छ– भोलि, चोक बढारिदे न भन्दा कूचीकार भन्छ– भोलि । हुँदाहुँदा लोग्नेस्वास्नीमा पनि भोलिवादी भाकाले एकअर्कालाई पर्खाउने बानी बसिसकेको छ अचेल । लोग्नेले टोपी धोइदेऊ न भन्यो भने स्वास्नी भोलि धोइदिउँला भन्दाभन्दै सात दिन

बिताईदिन्छे । स्वास्नीले नुन खांचै छ भनी भने भोलि ल्याइदिउंला भन्दाभन्दै लोग्नेले पखांईदिन्छ छ-सात दिन ।

वातावरणै सबै भोलिवादी भएपछि मान्छेको मनोवृत्ति ससाना कुरामा पनि भोलिवादी नभई छाड्दो रहेनछ । इमानजमान नछाडीकन भनिदिऊँ भने भोलिभोलि भनेर मानिसले अरूलाई मात्र होइन, आफूलाई पनि झुलाइरहेको हुन्छ । अर्को शब्दमा भोलिको घोचो लिएर मान्छेले समाजलाई मात्र होइन, आफूलाई समेत निष्क्रियतातिर घचेटिरहेको हुन्छ । पढ्नु थियो– भोलि पढुँला, जानु थियो– भोलि जाउंला, गर्नु थियो– भोलि गरुंला– भन्दाभन्दै कहिलेकाहीँ राति दिसा लाग्यो भने पनि निस्कनाको गाह्रोले भोलि गरौंला भनी सुतिदिन्छन् कैयौं ठिटाठिटीहरू । भोलिवादको अपवाद के छ भने खानलाई चाहिँ मान्छे सकेसम्म भोलिको भाका राख्तैन । भोलि दुःख परे 'रात रहे अग्राख पलाउँछ' भन्दै भएभरको आजै बुत्याउन परे पनि ऊ तम्सन्छ । उदाहरणको निम्ति एउटा छोटो कुरा सुनाइहालूँ ।

एक पटक काठमाडौंको ठूलो होटेलमा बफे डिनर थियो । त्यहाँ कहिल्यै कतै नहिँड्ने एक जना जरसाहेब पनि आएका रहेछन् । उनले खाएपिएको देख्ना म छक्कै परें, झन्डै आधा दर्जन पाहुनालाई पुग्ने भाग उनी एकै जनाले बुत्याइदिए । आखिरी पटक खसखस थाम्न नसकेर मैले सोधें– "होइन, जरसाहेबलाई आराम नहोला नि ।" उनले सजिलैसित भने– "आराम नभए भोलि औषधि खाउंला ।" उनको यस भनाइबाट यही निष्कर्ष निस्कन्छ– मान्छे सबै कुरामा भोलिवादको अनुसरण गरे पनि खान भने भोलिलाई पर्खंदैन, यो उसको ठूलो गुन हो ।

यसबाहेक अरू सबै क्रियाकलापहरू हाम्रा भोलिवादी छन् । भोलिवाद हाम्रो संस्कृति हो, दर्शन हो, राजनीति हो, प्रशासन हो, सामाजिक व्यवहार हो । तैपनि मेरो थोत्रो मगज यही शङ्कामा सधैं जेलिइरहन्छ । हरेक कामकुरोमा भोलि भन्दाभन्दै भानुभक्तले भनेझैं पसि हामी सबैले झोली बोकेर 'बम् भोलानाथकी जय' भन्दै डाँडैडाँडा कुद्न त परोइन ? के बेर ! आज गरे हुने कामलाई भोलि पर्खेपछि त्यही हिसाबले यसपालिका सारा काम आघौंलाई पन्छन के बेर ? यस दशकका काम अर्को दशकलाई थन्कन के बेर ? अनि बीसौं शताब्दीका सम्पूर्ण जिम्मेदारी र कर्तव्यहरू एक्काइसौं शताब्दीका लागि डिपोजिट रहन के बेर ? यसो हुँदाहुँदै कता पृथ्वी भोलि घुमौंला भनेर आराम नगरिदेऔंस्, हावाले भोलि डुलौंला भनेर विश्राम नगरिदेऔंस्, जय भोलि !

कन्याकेटी खोज्दा

'किन चाउरिस् मरीच ?' भन्दा 'आफ्नै पीरले' भन्थ्यो रे, तर मलाई जति पीर त्यो जाबो मरीचको गेडालाई के पऱ्यो होला र ? हुन त, 'मनको बह कसैलाई नकह' भन्छन् तर आफूलाई आशा लाग्छ सबैसित बह पोख्न पाए कतै माखेसाङ्लो लागिहाल्थ्यो कि ? त्यसैले गथासो गर्न लागेको । हेर्नोस् न, कागेभेडाको भुत्लाझैँ जुँघा पाकिसके, तर एउटी कन्याकेटीको लगनगाँठो समात्न भने मैले अहिलेसम्म पाएको छैन ।

म भोजपुरमा जन्मेको, कीर्तिपुरमा हुर्केको, जनकपुरमा पढेको र हाल कान्तिपुरमा बसेको, अब मलाई पाखे, काँठे, मधिसे वा सहरिया जे भन्नुपर्छ तपाईं नै जान्नोस् । वास्तवमा मेरो कुनै खासपन छैन, तासको जोकरझैँ जता गए पनि ठिक्क । तर यही ठिक्कले आफूलाई पारिसक्यो दिक्क । कतै पाखे डोके भनिदिन्छन् त कतै काँठे कछाड, कतै मधिसे माउते भन्छन् त कतै सहरिया स्वाँडी । सबैतिर मिल्छु भन्दाभन्दै यताबाट पनि घुच्चा उताबाट पनि घुच्चा ख्वाएर मलाई बालीमा नमिलेको डूम गराइदिन्छन्, अनि केटी पाउने कहाँ ?

बालकैमा बाबु बसाइँ नसरिदिएको भए बोली फुट्न नपाउँदै म डोली चढिसक्थें हुँला । पहाडतिरको चटाकी चलन थाहा छँदै छ नि, मेरै दाज्यूले पनि आमाको काख छुट्नासाथ स्वास्नीको काख पाएका थिए । दुई-चारओटा मकैका थाङ्ग्रा र परालका कुन्यू देखेपछि उतातिर कसले ओल्टाईपल्टाई केटो हेरिरहन्छ र, चिनाटिपनसम्म हेर्ने हुन्, त्यही पनि ज्योतिषी बालाई बोलाएर पेटभरि घुमर्के रोटी ख्वाइदियो भने राहुकेतु ठ्यामठुम । तर अब त न मेरा मकैका थाङ्ग्रा छन्, न परालका कुन्यू, पहाडतिरका केटी पाउने त कुरै छैन ।

मधेसतिर खोजूँ न त भने हाम्री आमा भन्छिन्– "उतातिरका केटी काम गर्न सक्तैनन् । पेट बोक्ने मात्रै भएर के गर्नु, डोको बोक्ने बुहारी चाहिन्छ ।" यदि उनले मन्जुर गरिहालिन् भने पनि तराईवालेहरूले मलाई

मस्याङको दाल खाने पर्वते भनी तीन कौडीमा गन्दैनन् । अघिदेखि नै यस्तै बिहापात र आवतजावत बराबर चलिरहेको भए आज आएर यो मधिसे र यो पहाडिया भन्ने खिसिटचुरी किन भइरहन्थ्यो । त्यसैले मधिसेको छोरी बिहा गर्ने पनि कुरै छैन ।

सहरतिरको झन् के कुरा गर्नु ? अर्काले लाएको पनि खाएको पनि यहाँ खिसी चल्छ । झन् अचेल त सहरमा राष्ट्रियताको भावना उग्र रूपले बढ्दै छ । त्यसैले अरू कुराबाट त परै जाओस्, बोलीचालीले जात छुट्याउने प्रथा पनि चलिसकेको छ । नेपाली बोल्नेजतिलाई 'खँय', नेवारी बोल्नेजतिलाई 'फाकन' र मैथिली बोल्नेजतिलाई 'माउते' भनी आधुनिक ढङ्गले मान्छेको वर्गीकरण यता हुन थालेको छ । त्यसैले एउटा कोठा माग्न जाँदा त यो 'खँय' हो कि 'फाकन' हो कि 'माउते' हो भन्ने सवाल पहिल्यै उठ्छ भने केटी माग्न जाने त कुरै छाडिदिऊँ । यहाँ नेपाली मात्र भएर पुग्दो रहेनछ, नेपालभित्र पनि पाखे, काँठे, मधिसे वा सहरिया आफू के हो पक्का प्रमाणपत्र चाहिँदो रहेछ ।

त्यसैले आफूलाई चल्दोमिल्दो काँठे नै हो । किनभने भन्नलाई 'काँठ कछाड' भने पनि काँठे बडो कूटनैतिक हुन्छ । पहाडियासित व्यवहार गर्नुपर्‍यो भने कछाड बाँधेर बस्छ र 'हामी एक कप चियाको निम्ति कोपरा बेच्ने सहरिया स्वाँडी होइनौँ' भन्छ, सहरियासित व्यवहार गर्नुपर्‍यो भने 'हामी एक हल गोरुको निम्ति छोरो बेच्ने पाखे डोके होइनौँ' भनी पहाडियालाई पखाल्न थाल्छ । यसरी दुवैतिर दुरुस्त बन्न खोज्दाखोज्दै उसले आफ्नो एक किसिमको बेग्लै विशेषता कायम गरेको हुन्छ, त्यसैले मैले कन्याकेटी खोज्न थालेको हुँ काँठैतिर ।

बल्लबल्ल पोहोरका वर्ष बुढानीलकण्ठका बुढाथोकीसित केटीको कुरो मिलेको थियो, तर केटीको कुरो त मिल्यो, खड्कौँलाको कुरो मिलेन । बाको मत थियो– खड्कौँलो पाँच धार्नीको चाहिन्छ, ऊ भन्ने तीन धार्नीसिवाय मेरो केही लाग्दैन । आखिरमा त्यत्ति नै भए पनि चित्त बुझाउने सुर त थियो नै हाम्रो; तर के गर्नु भाग्यमानी केटीको बाउले भोलिपल्टै अर्को केटो भेट्टाएछ, दुई धार्नीले भए पनि चित्त बुझाउने । अनि ऊ के लाटो थियो र फेरि हामीकहाँ आओस् ?

कोपुन्डोलका कार्कीसित भने गर्दुवा, सम्धीभेट, दोसल्ला इत्यादि सबै थोकको कुरो मिलेको हो, तर फसाद पार्‍यो, जातैले । ऊ रहेछ सातपतरीको

झर्रो काकी क्षत्री, म थिएँ अधिकारी जैसीको खड्किनीपट्टिको नातिको विवाहिता मगर्नीपट्टिको भानिज । यदि मसँग धनमान हुँदो हो त बीसौं शताब्दीमा जातभातको के कुरो उठ्थ्यो ? एउटा गतिलो गाई दान गरिदियो भने पण्डित बाजेले शास्त्र जोरिदिइहाल्थे, तर गरिब हुनाले जति नालीबेली लगाउँदा पनि जातको होचोअर्घेली देखिइहाल्यो । भात त हाम्रो चल्छ रे, तर दाल चल्दैन रे । दाल नचले सधैं गोलभिँडा साँधेर भात खाउँला, देऊ न त कन्या भनेको, उनले पटक्क मानेनन् । मानून् पनि कसरी ! जातभात मिलाएर दिउँला भनी २५ वर्षसम्म साँचिराखेको उनकी जेठी छोरी सारङ्गी बजाउने गन्धर्व जातिसित पोइल गइछ, एउटी त बिग्री बिग्री, अर्की पनि बिजातलाई कसरी दिऊन् । बिचरालाई जात मिल्दो ज्वाइँको गोडाको पानी खाने धोको छँदै थियो ।

त्यसपछि गएको माघमा एउटी निकै पढेकी र बढेकी कन्याकेटी मिलेकी थिइन्, सिमालेमा सिंखडाकी छोरी । पढेकी केटी भएपछि आउनेबित्तिकै आफ्ना सबै घरधन्दा समात्छे भनी हाम्री आमाले कुरो सुन्नेबित्तिकै तीन पटक मजेरीमा नाचेर मन्जुरी दिइन् । सम्धीभेटमा सुनको सिक्री दिन्छ रे भनेपछि बाले पनि भन्नुभयो– "गर न त गर, घरान असलै हो ।" नीला ओठ र चायैचाया जमेका गाला भए पनि मैले ठानें– पढेकी र बढेकी कन्या उसै पाइन्छ र ? पुर्पुरोमा लेखिएको हुनुपर्छ । हात परेको गुमाएपछि सान गरेर फेरि कहाँ पाउनु ? त्यसैले कामकुरो उही दिन छिनियो । मान्छे पनि प्रगतिशीलै रहेछन् । जातभातको कुरा टाकटुक भैहाल्यो । पढेकी आधुनिक श्रीमतीज्यू आउने हुनाले मैले पनि घरमा निकै सजिसजाउ गरें । पूजाभाँडा बेचेर काँटाचम्चा जोरें । आमाको सन्दुस चिरेर टेबिल, मेच बनाएँ । आधुनिक केटीहरू कुकुरका छाउरा खेलाउन खोज्छन् भनेर ब्याउने गाई बेचेर एउटा बेलाइती कुकुरसमेत किनिदिएँ । झिँगाको वोसो झिकेर हैजाका ओखती बेच्ने हाम्रा दाजुजस्ता किरन्टोकीले पनि घरबारी बन्धक राखेर ऋण गरी विहाको सरजाम जुटाए । त्यस वेला मेरो घरको चुर्राफुर्री देखेको भए जरसाहेबले पनि मलाई 'मेरो छोरी टक्याऊँ कि ?' भनी हात जोड्न आउँथे होलान् ।

जे होस्, विहाको दिन भयो, सजधजका साथ वरियाँत गयो । तर के भनूँ, आफ्नो आङ कन्याएर आफ्नै छारो नउडाउनू भन्छन् । कन्यादानको साइतैमा दुलही छटपटाएर लडिन् । के भो कसो भो भन्दाभन्दै कन्याले त जग्गेमै अर्की कन्या जन्माइन् बा ! कस्ता अचम्म !! जन्तीहरू हात ठटाएर

हांस्न थालेका थिए, आफू मूर्च्छा परिहालें, त्यसपछि के भो कसो भो म भन्न सक्तिनँ ।

कहिले जातभात मिल्दैन, कहिले ठाउँठहर मिल्दैन, कहिले दाइजो गोडधुवा मिल्दैन । हन्डर खाँदाखाँदा बल्ल पाएको कन्याकेटीको पनि त्यो दशा ! साँच्ची मेरो पुर्पुरोमा स्वास्नी लेखेकै रहेनछ कि भन्ने पनि मलाई लाग्यो तैपनि मर्दको हिम्मत, केटी खोज्नचाहिँ छोडिनँ । झन् धुइँधुइँती खोज्न थालें ।

नैकापका नेउपानेकी छोरीको कुरो चल्यो । म पनि एक दिन झुक्क्याएर केटी हेर्न गएँ । नेउपानेको घरमा कुखुराका चल्लाजस्तै एक डोका छोरीहरू रहेछन् । पिँढीमा गएर निकैबेर विचार गर्दा पनि आफूलाई दिन्छु भनेकी केटी कुनचाहिँ हो ठम्याउन नसकेर जिल्ल पर्दै थिएँ, एउटी सोह्र-सत्र वर्षकी ठिटी भित्रबाट निस्किन् र सोधिन्– "कसलाई खोजेको बूढाबा !" म छानाबाट खसेझैँ गरी आत्तिएँ । केटी त केटोलाई 'बूढाबा' पो भन्छे ए ! के म साँच्चै बूढो भैसकें त ! रनक्क रिस उठेकोले जुरुक्क उठेर आफ्ना चाउरिएका गाला, फुलेका दाह्री सुमसुम्याउँदै घरतिर आएँ । मलाई लाग्यो अब त दुई-चार दिनभित्रैमा बिहा गर्न नपाए म मरिहाल्छु कि ? केटीले भनेको 'बूढाबा' भन्ने शब्द मेरो मगजमा फनफनाइरहन थाल्यो । चिट्चिट् पसिना आउन थाल्यो । रातरातभर म सोच्न थालें– साहूको ऋण तिर्न नसके पनि एउटी कन्याकेटी भित्र्याएर पितृ-ऋण नतिरी कसरी मर्नु ? यस लोकमा एक घुट्को चिया खान नपाए पनि परलोकमा एक घुट्को तर्पन दिने एउटा छोरो त चाहिन्थ्यो ।

त्यसैले एक दिन बिहान सबेरै उठेर दाजुको ससुरालीमा गएँ र भाउजूसित भनें– "कि तीन दिनभित्र बिहा गरिदिन्छौ भने गरिदेओ, नत्र म दलिनमा झुन्डेर मर्छु ।" मेरो तगडा अल्टिमेटम सुनेर वल्लापल्ला घरका सबैलाई दया लागेछ । "नमर्नोस् बा नमर्नोस्, हामी भरे नै तपाईंलाई बिहा गरिदिन्छौँ" भन्दै एउटी तरुनी र राम्री केटी उनीहरूले देखाए ।

बचेखुचेको जायजेथा धितो राखी ऋण लिएर सर्जाम पनि उहीँ तयार गरियो । ग्रहशान्ति भयो, सबैले खाए । अलिअलि गर्दागर्दै बिहा पनि हुन थाल्यो । कन्यादान गरुन्जेल पनि कुन बेला घुम्टो उघारेर दुलहीको त्यो पहिले हेरेको चन्द्रमाजस्तो अनुहार देख्न पाइएला भनी चौचौ भइरहेको थियो, सौभाग्यवश माहुर ख्वाउने मौका आयो । हत्त न पत्त घुम्टो खोलेर माहुरको

हात लगेको त दुलही खिततित्त हाँस्यो । 'दुलही हाँस्यो' भन्नासाथ तपाईंहरूले बुझिहाल्नुभयो होला–

दुलही बनेको मान्छे त रहेछ– दाजुको ससुरालीको गोठालो ! हेर्नोस्, म बूढालाई कसरी भूसको थैलोमा सुताएछन् ।

त्यहाँदेखि कन्याकेटीको कुरो कतै उठेको छैन । तैपनि आसचाहिँ छ– हुरुक्क हुने बेलासम्म कसो एउटी कन्याकेटीको लगनगाँठो समात्न नपाइएला !